# क्षमता विकास योजना




## मंगला गाउँपालिका
### गाउँ कार्यपालिकाको कार्यालय
### बाबियाचौर, म्याग्दी
### गण्डकी प्रदेश

# मंगला गाउँपालिकाको क्षमता विकास योजना

(८१/२०८०-७९/२०७८)

**Capacity Development Plan (CD-Plan) of Mangala Rural Municipality**

**आर्थिक तथा प्राविधिक सहयोगः**

**मंगला गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**बाबियाचौर, म्याग्दी**
**गण्डकी प्रदेश**

**प्राविधिक सहजिकरणः**

**अस्पिसियस इन्भाइरोमेन्टल कन्सल्ट प्रा. लि.**
**लोकन्थली भक्तपुर**

# संक्षिप्त रुप

| | |
|---|---|
| आ.ले.प. | आन्तरिक लेखा परीक्षण |
| आ.यो. | आवधिक योजना |
| उ.स. | उपभोक्ता समिति |
| का.पा. | कार्यपालिका |
| गा.पा. | गाउँपालिका |
| गा.स. | गाउँसभा |
| गै.स.स | गैर सरकारी संस्था |
| जि.स.स | जिल्ला समन्वय समिति |
| टो.वि.स. | टोल विकास संस्था |
| वि.र.यो. | विषयगत रणनैतिक योजना |
| प्र.अ. | प्रधानाध्यापक |
| प्र.प्र.अ. | अध्यक्ष प्रशासकीय अधिकृत |
| प्रा.वा.प्र.मू. | प्रारंभिक वातावरणीय प्रभाव मूल्याङ्कन |
| ब.उ.स. | बन उपभोक्ता समूह |
| वि.व्य.स. | विद्यालय व्यवस्थापन समिति |
| वि.सु.का. | विद्यालय सुधार कार्ययोजना |
| वा.उ.प्र | वातावरणीय अध्ययन प्रतिवेदन |
| स्वा.व्य.स. | स्वास्थ्य व्यवस्थापन समिति |
| स.वि.यो | सहभागितात्मक विकास योजना |
| लैससास | लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण |

# बिषय सूची


**परिच्छेद — एकः परिचय......1**

१.१ पृष्ठभूमी......१

१.२ गाउँपालिकाको संक्षिप्त परिचय......२

१.३ क्षमता विकास लेखाजोखा र आवश्यकता पहिचान......३

१.४ ऐन, नियम, नीतिको पुनरावलोकन र अध्ययनको कानूनी आधार......३

१.४.१ नेपालको संविधान......४

१.४.२ स्थानीय स्वायत्त शासन ऐन, २०५५......५

१.४.३ स्थानीय निकाय श्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि, २०६९......५

१.५ क्षमता विकास योजनाको लक्ष एवं उद्देश्य......६

१.५.१ दीर्घकालीन लक्ष्य......६

१.५.२ उद्देश्यहरू......६

१.५.३ क्षमता विकासका रणनीति......७

१.६ क्षमता विकास योजना तर्जुमाको कार्यविधि......७

१.७ क्षमता विकास योजनाले समेट्ने विषयगत क्षेत्रहरू......८

१.७.१ राजश्व प्रशासन......८

१.७.२ आर्थिक प्रशासन तथा वित्तीय व्यवस्थापन......८

१.७.३ योजना तथा मूल्याङ्कन......८

१.७.४ शहरी पूर्वाधार विकास (प्राविधिक सेवा)......९

१.७.५ सामुदायिक विकास तथा सशक्तिकरण......९

१.७.६ गाउँस्तरीय आधारभूत सेवा सम्बन्धी......९

१.७.७ न्यायिक तथा प्रशासनिक सेवा सम्बन्धी......९

१.७.८ अन्य विषय क्षेत्रहरू......१०

१.८ अपेक्षित प्रतिफल......१०

१.८.१ अपेक्षित प्रतिफल मापनको आधार......११

१.८.२ क्षमता विकास क्रियाकलाप मापनका सूचकहरू......११

१.९ योजना तर्जुमाका सीमाहरू......१३

**परिच्छेद — दुईः गाउँपालिकाको क्षमता विकास योजना......१५**

२.१ गाउँपालिकाको बर्तमान सङ्गठनात्मक स्वरुपको अवस्था......१५

२.२ कर्मचारीहरूको बृत्ति विकास विश्लेषण......१९

२.३ संस्थागत क्षमता विश्लेषण र चुनौती......२०

२.३.१ योजना स्वीकृति र कार्यान्वयनको अवस्था......२०

२.३.२ योजनाको अनुगमन......२१

२.३.३ गाउँपालिकाको संस्थागत क्षमताका चुनौतीहरू......२१

**परिच्छेद — तीनः क्षमता विकास योजनाको तर्कसङ्गत खाका......२४**

३.१ शासकीय प्रवन्ध ........ २४
३.२ सङ्गठन तथा प्रशासन ........ २७
३.३ वार्षिक वजेट तथा योजना व्यवस्थापन ........ २९
३.४ वार्षिक वजेट तथा योजना व्यवस्थापन ........ ३१
३.५ सेवा प्रवाह ........ ३४
३.६ न्यायिक कार्य सम्पादन ........ ३६
३.७ भौतिक पूर्वाधार ........ ३८
३.८ सामाजिक समावेशीकरण ........ ४२
३.९ वातावरण संरक्षण तथा विपद व्यवस्थापन ........ ४५
३.१० सहकार्य र समन्वय ........ ५०
३.११ क्षमता विकास कार्यकमको लागि श्रोत प्रक्षेपण ........ ५२

**परिच्छेद — चारः क्षमता विकास तीन वर्षे कार्ययोजना ........ ५३**
४.१ शासकीय प्रवन्ध ........ ५३
४.३ वार्षिक वजेट तथा योजना व्यवस्थापन ........ ५७
४.४ वित्तीय एवं आर्थिक व्यवस्थापन ........ ५८
४.५ सेवा प्रवाह ........ ५९
४.६ न्यायिक कार्य सम्पादन ........ ६४
४.७ भौतिक पूर्वाधार ........ ६७
४.८ सामाजिक समावेशीकरण ........ ६९
४.९ वातावरण संरक्षण तथा विपद व्यवस्थापन ........ ७१
४.१० सहकार्य र समन्वय ........ ७३
४.११ क्षमता विकास योजनाको क्षेत्रगत रुपरेखा ........ ७४

**परिच्छेद — पाँचः अनुगमन मूल्याङ्कन प्रतिवेदन तथा समीक्षा ........ ८३**
५.१ अनुगमन मूल्याङ्कन प्रतिवेदन तथा समीक्षा ........ ८३
५.१.१ अनुगमन सम्वन्धी व्यवस्था ........ ८३
५.१.२ मूल्याङ्कन सम्वन्धी व्यवस्था ........ ८३
५.१.३ प्रतिवेदन तथा समीक्षा सम्वन्धी व्यवस्था ........ ८३
५.२ गाउँपालिकाको संस्थागत सुदृढीकरण र सुधारका सिफारिशहरू ........ ८३

**परिच्छेद —छ निष्कर्ष ........ ८६**

# तालिका सूची


तालिका १: वडा अनुसार गाउँपालिकाको क्षेत्रफल ........ ३
तालिका २: मंगला गाउँपालिकामा मौजुदा स्विकृत दरबन्दी एवं करारमा रहेका कर्मचारीहरूको पद र सङ्ख्या.. १५
तालिका ३: क्षमता विकासको तर्कसङ्गत ढाँचा १- नीति निर्माण ........ २४
तालिका ४: क्षमता विकासको तर्कसङ्गत ढाँचा २- सङ्गठन तथा प्रशासन ........ २७
तालिका ५: क्षमता विकासको तर्कसङ्गत ढाँचा ३ - वार्षिक वजेट तथा योजना व्यवस्थापन ........ २९
तालिका ६: क्षमता विकासको तर्कसङ्गत ढाँचा ४ - वित्तीय एवं आर्थिक व्यवस्थापन ........ ३१
तालिका ७: क्षमता विकासको तर्कसङ्गत ढाँचा ५- सेवा प्रवाह ........ ३४
तालिका ८: क्षमता विकासको तर्कसङ्गत ढाँचा ६- न्यायिक कार्य सम्पादन ........ ३६
तालिका ९: क्षमता विकासको तर्कसङ्गत ढाँचा ७- भौतिक पूर्वाधार ........ ३८
तालिका १०: क्षमता विकासको तर्कसङ्गत ढाँचा ८- सामाजिक समावेशीकरण ........ ४२
तालिका ११: क्षमता विकासको तर्कसङ्गत ढाँचा ९- वातावरण संरक्षण तथा विपद व्यवस्थापन ........ ४५
तालिका १२: क्षमता विकासको तर्कसङ्गत ढाँचा १०- सहकार्य र समन्वय ........ ५०
तालिका १३: मंगला गाउँपालिकाको आ. व.२०७८/७९ को यथार्थ आय विवरण ........ ५२
तालिका १४: शासकीय प्रवन्धको कार्यक्रम कार्यतालिका ........ ५३
तालिका १५: सङ्गठन तथा प्रकाशनको कार्यक्रम कार्यतालिका ........ ५५
तालिका १६: वार्षिक वजेट तथा योजना व्यवस्थापनको कार्यक्रम कार्यतालिका ........ ५७
तालिका १७: वित्तीय एवं आर्थिक व्यवस्थापनको कार्यक्रम कार्यतालिका ........ ५८
तालिका १८: सेवा प्रवाहको कार्यक्रम कार्यतालिका ........ ५९
तालिका १९: न्यायिक कार्य सम्पादनको कार्यक्रम कार्यतालिका ........ ६४
तालिका २०: भौतिक पूर्वाधारको कार्यक्रम कार्यतालिका ........ ६७
तालिका २१: सामाजिक समावेशीकरण को कार्यक्रम कार्यतालिका ........ ६९
तालिका २२: वातावरण संरक्षण तथा विपद व्यवस्थापनको कार्यक्रम कार्यतालिका ........ ७१
तालिका २३: सहकार्य र समन्वयको कार्यक्रम कार्यतालिका ........ ७३
तालिका २४: क्षमता विकास योजनाको क्षेत्रगत रुपरेखा ........ ७४

# परिच्छेद — एकः परिचय

## १.१ पृष्ठभूमी

दक्षिण एशियाली मुलुकहरू मध्ये निर्वाचित जनप्रतिनिधिको नेतृत्वमा स्थानीय स्वायत्ततामा आधारित विकेन्द्रीकरणको अभ्यास गर्ने नेपाल अग्रणी देश हो । तर वि.सं.२०४६ सालको राजनीतिक परिवर्तन पछि छिटो छिटो भइरहने सरकार परिवर्तनका कारण उत्पन्न राजनीतिक तरलताको अवस्थामा सरकारी नीतिमा देखिने गरेको अलमल र नेतृत्वको निरन्तरताको अभावमा स्थानीय स्वशासनमा आधारित विकास अवधारणा अलमलिएको अवस्थामा देखिन पुग्यो । वि.सं. २०४९ सालमा गाउँ विकास समिति, गाउँपालिका र जिल्ला विकास समितिहरूको वहुदलिय प्रतिस्पर्धाका आधारमा सम्पन्न निर्वाचनबाट प्रत्यक्ष जननिर्वाचित प्रतिनिधिको नेतृत्वमा स्वशासनको अवधारणामा यी निकायहरू सञ्चालनको लागि जिम्मेवारी, अधिकार र श्रोतसाधनको दायरा फराकिलो बनाउंदै लैजाने प्रयासहरू शुरु गरिए । यी स्थानीय निकायहरू स्थानीय प्रजातन्त्रका पहरेदार र स्थानीय विकासका केन्द्रका रुपमा स्थानीय स्वायत्त शासनको अवधारणामा आधारित रहि सञ्चालन गर्ने अभ्यासको शुरुवात गरियो ।

जनप्रतिनिधिमुलक स्थानीय निकायको अभ्यास जम्मा १० वर्ष मात्र रहन सक्यो तर सो पछि निर्वाचित प्रतिनिधिहरूको अनुपस्थितीमा धेरै किसिमका प्रयोगहरू भएपनि त्यसबाट अपेक्षित परिणाम आउन सकेन । वि.सं २०५९ साल पछिको करीव १५ वर्ष सम्मको संक्रमणकालीन अवस्थामा स्थानीय निकायहरू निजामति कर्मचारीहरूको नेतृत्वमा सञ्चालन गरिएको भए पनि संस्थागत रुपमा जे जति परिवर्तन आउन सक्ने कल्पना गरिएको थियो त्यस्तो हुन सकेन ।

ऐतिहासिक संविधानसभाले २०७२ असोज ३ गते नेपालको संविधान जारी गरे सँगै केन्द्रीकृत शासन व्यवस्था अंगालेको राज्य संघीय गणतन्त्रात्मक शासन व्यवस्थामा प्रवेश गरेको छ । संविधान अनुसार शासन व्यवस्था सञ्चालनको लागि ३ तहको सरकार गठन हुने व्यवस्था गरिएको छ । संविधानले राज्यशक्तिको प्रयोग संघ, प्रदेश र स्थानीय गरी तीन तहको संरचनाबाट हुने व्यवस्था गरी छुट्टाछुट्टै एवम् साझा अधिकारहरू निर्धारण गरेको छ ।

नेपालको संविधानको भाग १७ मा (धारा २१४ देखि २२० सम्म) स्थानीय कार्यपालिका सम्वन्धी व्यवस्था, भाग १८ मा (धारा २२१ देखि २२७ सम्म) स्थानीय व्यवस्थापिकता सम्वन्धी व्यवस्था र भाग १९ मा (धारा २२८ देखि २३०सम्म) स्थानीय आर्थिक कार्यप्रणाली सम्वन्धी व्यवस्था गरिएको छ । त्यस्तै संविधानको भाग २० को धारा २३२ मा संघ, प्रदेश र स्थानीय तह बिचको सम्वन्ध र धारा २३५ मा संघ, प्रदेश र स्थानीय तह बिचको समन्वय सम्वन्धी संवैधानिक व्यवस्था गरिएको छ ।

नेपालको संविधानले परिकल्पना गरे बमोजिम नेपाल सरकारले २०७३/११/२७ देखि स्थानीय तह लागू गर्ने घोषणा गरे अनुसार साविकका ३४०० भन्दा वढी संख्यामा रहेका गाविस तथा गाउँपालिकाहरू समायोजन गरी जम्मा ७४४ गाउँपालिका र गाउँपालिका (उप/महागाउँपालिका समेत) गठन गरिएको छ । यस पृष्ठभूमीमा स्थानीय तहहरूको बदलिएको परिवेशमा प्राप्त जिम्मेवारी पूरा गर्न, भूमीका निर्वाह गर्न र कार्य सम्पादनमा प्रभावकारीता ल्याउन एकीकृत क्षमता विकास योजना तर्जुमा अनिवार्य देखिएको छ ।

विगत केही वर्ष देखि राष्ट्रिय बजेटको आकार बढे सँगै सरकारले गाउँपालिकाहरूलाई प्रदान गर्ने निःशर्त र सशर्त अनुदान रकममा उल्लेख्य वृद्धि हुँदै गएको छ । साथै स्थानीय स्तरमा राजस्व र करबाट सङ्कलन गरीदै आएको आन्तरिक श्रोतको अंकमा समेत उल्लेख्य बृद्धी हुँदै गएको छ । आन्तरिक र वाह्य श्रोतको आकार गएको फराकिलो हुँदै गएको भएपनि साविकका स्थानीय निकायहरूको कार्य सम्पादन, सेवा प्रवाहमा प्रभावकारी रुपमा सुधार भएको पाइदैन । यसका साथै भएका साधन श्रोतको पूर्ण परिचालन हुन नसकेको, नयां सिर्जना र थप साधन श्रोत जुटाउन संस्थागत पहल हुन नसकेको लगायतका कारणले गर्दा स्थानीय विकासको गति मन्द भएको र आशातित

एवं अपेक्षित उपलब्धीहरू प्राप्त हुन नसकेको यथार्थ अवस्थाको विश्लेषण गरी नयाँ निर्वाचित नेतृत्वबाट संस्थागत सुधारमा आशातीत सफलता मिल्ने विश्वास लिइएको छ।

विगत एक दशक देखि नेपाल सरकारबाट स्थानीय तहहरूलाई प्रदान हुदै आएका निशर्त र सशर्त अनुदानको आकार बढ्दै गएको र यसरी प्रदान गरिने अनुदान सूत्रमा आधारित प्रणालीबाट वितरण गर्ने नीति कार्यान्वयन गर्न न्यूनतम शर्त तथा कार्य सम्पादन मापनको नतीजालाई आधार लिने गरिएको थियो । नयाँ संवैधानिक व्यवस्था अनुसार प्राप्त अधिकार,कार्य जिम्मेवारी र संरचनामा स्थानीय तहहरूले आफ्नो समग्र कार्यसम्पादन र सेवा प्रवाहमा जनअपेक्षा अनुसार परिवर्तन ल्याउन आफ्नो संस्थागत क्षमता विकास कार्यक्रममा जोड दिनु आवश्यक छ । क्षमता विकास कार्यक्रम गाउँ क्षेत्रमा उपलव्ध सबै किसिमका र सबै तहका मानव संसाधन परिचालनको मूल आधार हो । योग्य, सक्षम र दक्ष मानव संसाधनको माध्यमबाट मात्र उपलप्ध साधन श्रोतको सदुपयोग गर्न र कार्य प्रभावकारी बनाउन सकिन्छ ।

स्थानीय सेवा प्रवाह प्रभावकारी बनाई र स्थानीय विकास प्रयासलाई समावेशी, सहभागितात्मक र समतामूलक बनाउन स्थानीय तहको क्षमता विकास अनिवार्य छ । स्रोत, साधन, अधिकार, दक्षता, क्षमता सहितको सक्षम, सबल र गतीशील स्थानीय तहहरूबाट मात्र जनचाहना प्रतिविम्वित हुने र विकास निर्माण लगायत सेवा प्रवाहको प्रभावकारीबाट स्थानीय सुशासन स्थापना गर्न टेवा पुग्ने विश्वास गर्न सकिन्छ ।

### १.२ गाउँपालिकाको संक्षिप्त परिचय

म्याग्दी जिल्ला नेपालको राजधानी काठमाडौंबाट उत्तरपश्चिममा पर्दछ । गण्डकी प्रदेश अन्तर्गत यस जिल्लाका ४ वटा गाउँपालिका र १ नगरपालिकामध्ये सदरमुकाम बेनीबाट उत्तर पश्चिमतर्फ अवस्थित यो गाउँपालिका सदरमुकामबाट ६ कोष टाढा छ । वि.सं. २०४६ पछिको राजनीतिक परिवर्तनपछि बनेका बाबियाचौर, अर्मन, बरंजा, कुहूँ गाउँ विकास समितहरू र दरवांग गाउँ विकास समितिको वडा नं. ४ लाई एकिकृत गरी नेपालको संविधान २०७२ अनुसार वि.स. २०७३ सालका संघिय संरचना अनुसार परिवर्तन भई स्थानीय तहको रुपमा मंगला गाउँपालिकाको नामबाटै परिचित छ । गाउँपालिका ५ वटा वडामा बिभाजित छ ।
यो गाउँपालिकाको नामाकरण सम्बन्धमा विभिन्न धारणा तथा किंवदन्तीहरु भेटिएका छन् । धार्मिक मान्यताका हिसावमा हेर्दा यस गाउँपालिकाको केन्द्र भएर बग्ने म्याग्दी नदीलाई मंगला नदीको नामबाट पनि चिनिन्छ । सोही मंगला नदीका नामबाट यस गाउँपालिकाको नामाकरण गरिएको छ । मंगलाको अर्थ मंगल वा शुभ राम्रो भन्ने अर्थ लगाउने गरेको पाईन्छ म्याग्दी जिल्लाको सदरमुकामसँग जोडिएको भए पनि विकासका पूर्वाधारहरुको विकास खासै हुन सकेकाके छैन । यस गाउँपालिकामा रहेका सरकारी संरचनालाई हेर्दा पशु सेवा केन्द्र , कृषि सेवा केन्द्र , स्वास्थ्य चौकी, प्रहरी चौकी,इलाका वन कार्यालय, अतिरिक्त हुलाक कार्यालय रहेका छन् भने गैर सरकारी संघ संस्थाहरुको उपस्थिति भने न्यून रहेको छ ।

मंगला गाउँपालिका, रघुगंगा गाउँपालिका र वेनी नगरपालिकाको संगम स्थलमा पर्ने यस गाउँपालिकाको वडा नं. १ मा टोड्के भन्ने स्थान पर्यटकीय दृष्टिले महत्वपूर्ण छ । उच्च समथर जमीनमा अवस्थित टोड्के करीव २३०० देखि २४०० मि. को उचाइमा रहेको र यस ठाँउमा ६ प्रजातिका लाली गुराँस पाइन्छ । एकै ठाउँबाट जिल्लाका सबैजसो क्षेत्र, बागलुङ र पर्वत जिल्लाका धेरैजति ठाँउ र उत्तरतर्फ १२ वटा हिम श्रृंखला देख्न सकिन्छ । यो एउटा प्रसिद्ध पिकनिक स्थलको रुपमा पनि विकास हुँदैछ । खासगरी जाडको समयमा जिल्लाभित्र तथा बाहिरबाट यस ठाँउमा पिकनिकको लागि मानिसहरु आउने गर्छन् । यसका अलवा झाक्रिपानि, दह, तिनचुले धुरी जस्ता पर्यटकिय क्षेत्रहरु रहेका छन् ।

मंगला गाउँपालिकाको पार्श्वचित्र, २०७५ अनुसार जम्मा घरधुरी संख्या ३६७२ र जनसंख्या २००१६ रहेको छ । उक्त जनसंख्यामा महिलाको संख्या ९९८२र पुरुषको संख्या १००३२रहेको छ। गाउँपालिकाको जम्मा जनसंख्यामा महिलाभन्दा पुरुष४८ जनाले बढी छन् । कुल जनसंख्यामा महिलाको प्रतिशत ४९दशमलव ८८ हुन्छ भने पुरुषको

प्रतिशत ५० दशमलव १२ हुन्छ । उक्त जनसंख्या तथा घरधुरीको आधारमा औसत परिवार संख्या प्रति घरधुरी करीव ५दशमलव ४५जना हुन्छ । औषत जनघनत्वलाई हेर्दा प्रति वर्ग कि.मी २२५ जना वसोवास गर्ने देखिन्छ ।

**तालिका १: वडा अनुसार गाउँपालिकाकोक्षेत्रफल**

| वडा नं. | समाबेस साविक गाविस | क्षेत्रफल (वर्ग कि.मि.) | प्रतिशत |
|---|---|---|---|
| एक | कुहुँ (१—८) | ३७१९ | १६.२ |
| दुई | बाबियाचैर (१—९) कुहुँ (९) दरबाङ (४) | ४४४५ | १५.२ |
| तीन | बरंजा (१—६) | ४१४७ | १२०४ |
| चार | बरंजा (७—९) | २०६८ | १७.५४ |
| पाँच | अर्मन (१—९)) | ५६२६ | २७.९६ |
| | | | |
| जम्मा | | ९९.६९ | ८८.८४ |

*श्रोतः मंगला गाउँपालिका पार्श्वचित्र, २०७५*

### १.३ क्षमता विकास लेखाजोखा र आवश्यकता पहिचान

स्थानीय तह वित्तिय आयोग मार्फत गत आ.व.सम्मको गाउँपालिका/गाउँपालिकाहरूको न्युनतम शर्त तथा कार्य सम्पादनका ५ क्षेत्रहरू (१-स्थानीय शासन, २-वित्तीय श्रोत परिचालन तथा व्यवस्थापन, ३-योजना तथा कार्यक्रम व्यवस्थापन, ४-सङ्गठन तथा जनशक्ति विकास र ५-शहरी आधारभूत सेवा व्यवस्थापन) अन्तर्गत रहेका ४० वटा सूचकहरूको आधारमा मूल्याङ्कन गरी तोकिएका कार्यक्षेत्र र सूचकहरूमा उपलब्धि हासिल भएको आधारमा अनुदान थपघट गर्ने नीति सरकारले अवलम्वन गर्नेछ ।

नयाँ स्थानीय तहमा पनि स्थानीय तहले पालना गर्नु पर्ने कार्यसम्पादन स्तरलाई प्रत्येक आर्थिक वर्षको शुरु देखि नै कार्य सम्पादन मापनका विषय क्षेत्रसँग सम्वन्धित सूचकलाई सम्वन्धित कर्मचारीको कार्यसम्पादनसँग आवद्ध गरी कार्य जिम्मेवारी बाँडफाड गरेमा र कर्मचारीको कार्य क्षमतामा देखिएका खाडल पुर्ने गरी अनुशिक्षण तथा प्रशिक्षण कार्यक्रम सँगसँगै लैजाने गरी प्राथमिकता दिन सहयोग पुग्न जानेछ । यसबाट नयाँ गाउँपालिकाहरूले आफुलाई प्रतिस्पधी हैसियतमा उभ्याई उदाहरणीय बन्न सक्ने प्रचुर संभावना देखिन्छ।

गाउँपालिकाको निर्वाचन सम्पन्न भए पश्चात स्थानीय तहको संस्थागत क्षमता विकासको क्षेत्रमा विभिन्न दातृ निकायहरूबाट थप सहयोग जुटन सक्ने संभावनालाई दृष्टिगत गर्दा बजेटको आकारमा प्रस्तावित गरिएको भन्दा पनि ठूलो बृद्धि हुन जाने संभावनालाई नकार्न सकिन्न । अतः दृढ ईच्छाशक्तिको लागि श्रोत अवरोध होइन, सिर्जनाको प्रतिवद्धता नै गन्तव्यमा पुग्ने पहिलो खुटकिलो हुन सक्दछ ।

### १.४ ऐन, नियम, नीतिको पुनरावलोकन र अध्ययनको कानूनी आधार

देशको सर्वोच्च कानुन संविधान भएकोले स्थानीय तह गठन सम्वन्धी संवैधानिक व्यवस्था, संविधान बमोजिम प्राप्त अधिकार, हालै जारी गरिएको स्थानीय तह सञ्चालन आदेशमा उल्लेखित विभिन्न तहको काम, कर्तव्य तथा अधिकारहरू तथा गाउँपालिकाको नयाँ तह कायम अगाडी सम्पन्न गाउँ सभाबाट स्वीकृत नीतिहरूको पुनरावलोकनको आधारमा नै स्थानीय तहको सञ्चालनका देखिएका कठिनाई तथा समस्याहरूको क्षमता विकासको विश्लेषण गरीएको छ । स्थानीय स्वायत्त शासन ऐन, २०५५ र स्थानीय तह श्रोत परिचालन कार्यविधि, २०६९ नयाँ स्थानीय तह कार्यान्वयनमा आए पछि यसको कानूनी औचित्य सकिए पनि यी स्थानीय तह सबलीकरणको आधारभूत मार्गदर्शक दस्तावेज भएकोले यस्का कतिपय प्रावधानले क्षमता विकासको क्षेत्र पहिल्याउन सघाउ पुग्ने भएकोले सान्दर्भिकताको दृष्टिले उल्लेख गरिएको छ ।

### १.४.१ नेपालको संविधान

ऐतिहासिक संविधान सभाले २०७२ असोज ३ गते नेपालको संविधान जारी गरे सँगै मुलुकले संघीय गणतन्त्रात्मक शासन व्यवस्था अंगीकार गरेको छ । यस अनुसार ३ तहको सरकार गठन हुनेछ । संविधानले राज्यशक्तिको प्रयोग सङ्घ, प्रदेश र स्थानीय गरी तीन तहको संरचनाबाट हुने व्यवस्था गरी छुट्टाछुट्टै एवम् साझा अधिकारहरू निर्धारण गरेको छ ।

नेपालको संविधानको भाग १७ मा (धारा २१४ देखि २२० सम्म) स्थानीय कार्यपालिका सम्वन्धी व्यवस्था, भाग १८ मा (धारा २२१ देखि २२७ सम्म) स्थानीय व्यवस्थापिका सम्वन्धी व्यवस्था र भाग १९ मा (धारा २२८ देखि २३० सम्म) स्थानीय आर्थिक कार्यप्रणाली सम्वन्धी व्यवस्था गरिएको छ । त्यस्तै संविधानको भाग २० को धारा २३२ मा संघ, प्रदेश र स्थानीय तह वीचको सम्वन्ध र धारा २३५ मा संघ,प्रदेश र स्थानीय तह बीचको समन्वय सम्वन्धी संवैधानिक व्यवस्था गरिएको छ । नेपालको संविधानको धारा २१६ र धारा २२३ मा गाउँ कार्यपालिका र गाउँ सभा गठन सम्वन्धी व्यवस्था देहाय बमोजिम रहेको छ ।

**धारा २१६-** गाउँ कार्यपालिका अध्यक्ष र उपअध्यक्ष सम्बन्धी व्यवस्थाः

- ✓ प्रत्येक गाउँपालिकामा एकजना गाउँ कार्यपालिका अध्यक्ष रहनेछ । निजको अध्यक्षतामा गाउँ कार्यपालिका गठन हुनेछ ।
- ✓ उपधारा (१) बमोजिमको गाउँ कार्यपालिकामा एक जना उपअध्यक्ष, प्रत्येक वडाबाट निर्वाचित वडा अध्यक्ष र उपधारा (४) बमोजिम निर्वाचित सदस्य रहनेछन् ।
- ✓ अध्यक्ष र उपअध्यक्षको निर्वाचन सम्बन्धित गाउँपालिका क्षेत्रभित्रका मतदाताले एक व्यक्ति एक मतको आधारमा गोप्य मतदानद्वारा पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली बमोजिम गर्ने छन्।

**धारा २१८ -** अनुसार गाँउ कार्यपालिका र गाउँ कार्यपालिकाबाट स्वीकृत नियमावली बमोजिम गाँउ कार्यपालिका र गाउँ कार्यपालिकाको कार्य विभाजन र कार्य सम्पादन हुने व्यवस्था गरिएको छ ।

**धारा २२३-** गाउँसभाको गठनः

- ✓ प्रत्येक गाउँपालिकामा एक गाउँसभा रहनेछ ।
- ✓ उपधारा (१) बमोजिमको गाउँसभामा गाउँ कार्यपालिकाका अध्यक्ष र उपाध्यक्ष, वडा अध्यक्ष र प्रत्येक वडाबाट निर्वाचित चारजना सदस्य र धारा २१६ को उपधारा (४) बमोजिम दलित वा अल्पसंख्यक समुदायबाट निर्वाचित गाउँ कार्यपालिकाका सदस्य रहनेछन् ।
- ✓ उपधारा (१) बमोजिम गठन हुने गाउँसभामा प्रत्येक वडाबाट कम्तीमा दुईजना महिलाको प्रतिनिधित्व हुनेछ ।
- ✓ संघीय कानुन बमोजिम गाउँपालिकामा रहने प्रत्येक वडामा वडा अध्यक्ष र चारजना सदस्यहरू रहेको वडा समिति गठन हुनेछ । त्यस्तो वडा अध्यक्ष र वडा सदस्यको निर्वाचन पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली बमोजिम हुनेछ ।
- ✓ अठार वर्ष उमेर पूरा भएको गाउँपालिकाको मतदाता नामावलीमा नाम समावेश भएको व्यक्तिलाई संघीय कानुन बमोजिम मतदान गर्ने अधिकार हुनेछ ।

त्यस्तै **संविधानको अनुसूची ८** मा स्थानीय तहको अधिकारको सूची र **अनुसूची ९ मा** संघ,प्रदेश र स्थानीय तहको अधिकारको साझा सूची मार्फत प्रत्येक इकाईको अधिकार क्षेत्रहरू स्पष्ट गरिएको छ तथा स्थानीय तहलाई अधिकार सहित साधन श्रोतको सुनिश्चितता गरिएको छ । यी संवैधानिक व्यवस्थाहरूबाट सरकारलाई जनताको नजिक पुऱ्याई शक्ति र स्रोतमाथि नागरिकको पहुँच स्थापित गर्न र विकास तथा सेवा प्रवाहमा स्थानीय सहभागिता र स्वामित्व कायम हुने अवस्था सिर्जनाको स्पष्ट कानूनी आधार तयार भएको छ । यसबाट जनतालाई वास्तविक रूपमै सार्वभौमसत्ता सम्पन्न तुल्याई शासनमा उनीहरूको अर्थपूर्ण सहभागिताको सुनिश्चित गर्दै, अब कार्यमूलक स्थानीय सरकारको रुपमा स्थापित हुन सक्ने स्पष्ट आधारहरू खडा भएका छन् ।

### १.४.२ स्थानीय स्वायत्त शासन ऐन, २०५५

२०५६ बैसाख १६ गते स्थानीय तहहरूको सञ्चालन तथा व्यवस्थापनको लागि जारी भएको स्थानीय शासन ऐन, २०५५ जो पहिलो पल्ट एकीकृत ऐनको रुपमा जारी गरीयो सो ऐन बमोजिम स्थानीय स्वायत्त शासनका नीतिहरू देहाय अनुसार रहेका छन् ।

- क) स्थानीय स्वायत्त शासनमा स्थानीय निकायहरूलाई सक्षम र प्रभावकारी बनाउन आवश्यक पर्ने अधिकार, जिम्मेवारी र स्रोत साधन निक्षेपण गर्ने ।
- ख) स्थानीय निकायमा स्थानीय जनताको लागि सोच्ने र जवाफदेही वहन गर्न सक्ने सस्ंथागत सयंन्त्र र कायर्गत सरंचनाको निर्माण गरी विकास गर्ने ।
- ग) स्थानीय निकायहरूलाई सुम्पिएका काम, कर्तव्य र जिम्मेवारीहरू र जवाफदेही वहन गर्नकालागि आवश्यक पर्ने स्रोत साधनहरू सकंलन र परिचालन गर्ने अधिकार सुम्पने ।
- घ) स्थानीय निकायहरूलाई निक्षेपित कार्य गर्दा प्रजातान्त्रिक प्रक्रिया, पारदर्शी व्यवहार, जनउत्तरदायित्व र जनताको सहभागितामा आधारित नागरिक समाजको स्थापना गर्नेतर्फ उन्मुख गराउने।
- ङ) स्थानीय नेतृत्वको विकास गर्नको निम्ति स्थानीय निकायलाई आफ्नो क्षेत्रमा जनता प्रती उत्तरदायी बनाउन प्रभावकारी सयंन्त्रको व्यवस्था गर्ने।
- च) दिगो विकासको लागि आधारित सेवा प्रदान गर्ने कार्यमा स्थानीय स्वायत्त शासनमा निजी क्षेत्रलाई सहभागी हुन प्रोत्साहित गर्ने ।

### १.४.३ स्थानीय निकाय श्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि, २०६९

जनप्रतिनिधी विहिन अवस्थामा स्थानीय निकायहरूमा जाने विभिन्न किसिमका श्रोतसाधनहरूको समुचित प्रयोग र एकरुपता ल्याउन कार्य मार्गदर्शनको रुपमा जारी यस कार्यविधिमा व्यवस्था भए अनुसार स्थानीय निकायहरूको क्षमता विकास कार्यक्रम तजुमा गर्नका  क्षमता विकास खर्च शीर्षकबाट क्षमता विकास कार्यविधि,२०६६ को परिधिभित्र रही देहाय बमोजिमका क्रियाकलापहरू स्वीकृत गराई सञ्चालन गर्न सकिनेछ भन्ने उल्लेख गरिएको बमोजिम क्षमता विकासका लागि देहाय अनुसार क्रियाकलाप सञ्चालन गर्न बजेट सकिने व्यवस्था गरिएको छ ।

- (क) स्थानीय निकायको विनियम, निर्देशिका, बुलेटिन, आवधिक/विषयगत योजना तयारी एवम् अत्यावश्यक अध्ययन ।
- (ख) स्थानीय निकायको सङ्गठन संरचनाको अध्ययन, कार्यजिम्मेवारी किटान सम्बन्धी कार्यहरू ।
- (ग) स्थानीय निकायको कार्यालयमा कार्यरत कर्मचारी, विषयगत कार्यालयका कर्मचारी, विभिन्न समिति एवम् संयन्त्रको तालिम, अवलोकन भ्रमण ।
- (घ) स्थानीय निकायसँग प्रत्यक्ष सरोकार राख्ने गैरसरकारी सस्ंथा, निजी क्षेत्र, टोल विकास संस्था एवम् समुदायमा आधारित संस्था, उपभोक्ता समितिको क्षमता विकास सम्बन्धी क्रियाकल ।
- (ङ) स्थानीय निकायको आन्तरिक आय तथा स्रोतहरूको पहिचान, सम्भाव्यता अध्ययन, सङ्कलन तथा व्यवस्थापन कार्य ।
- (च) सामाजिक परिचालनमा संलग्न सामाजिक परिचालक, उत्प्रेरकहरूको क्षमता विकास ।
- (छ) गाउँ, गाउँ तथा जिल्लाभित्र बसोबास गर्ने महिला, बालबालिका, दलित, आदिवासी जनजाति, मधेसी, मुस्लिम, पिछडा वर्ग, मुक्त कमैया, मुक्त हलिया, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, वैदेशिक रोजगारको क्रममा पीडित विपन्न परिवार, आर्थिक एवम् सामाजिक रूपले विपन्न वर्गसम्बन्धी गाउँ, गाउँ तथा जिल्ला स्तरीय संजाल, बालक्लवको क्षमता विकास तथा सीप विकाससम्बन्धी क्रियाकलाप ।
- (ज) स्थानीय निकायको क्षमता वृद्धिका लागि प्रयोग हुने भौतिक सामग्री, उपकरण आदि खरीद, जडान र व्यवस्थापन ।
- (झ) क्षमता विकास कार्यविधि, २०६६ को आधारमा स्थानीय निकायको क्षमता विकास सम्बन्धमा पहिचान गरिएका अन्य क्षेत्रहरू ।

(ञ) पारदर्शिता तथा उत्तरदायित्व कायम गर्न सञ्चालन गर्ने क्रियाकलापहरू (सार्वजनिक सुनुवाई, सार्वजनिक परीक्षण) एवम् दस्तावेजहरूको तयारी ।

(ट) मानव संसाधन विकास केन्द्र र सूचना तथा अभिलेख केन्द्र व्यवस्थापन ।

(ठ) गाउँ तथा जिल्लामा विद्युतीय शासन प्रर्वद्धन, विकास र सूचना तथा सञ्चार प्रविधिको संस्थागत व्यवस्था, प्राविधिक परामर्श, विशेषज्ञहरूको पारिश्रमिक, सेवा प्रदायकहरूको सूचीकरण र परिचालन।

(ड) न्यूनतम शर्त तथा कार्यसम्पादन मापनका सूचकहरूले माग गरेका क्षेत्रहरू पूरा गर्न सञ्चालन गरिने क्षमता विकासका कार्यक्रमहरू ।

(ढ) स्थानीय निकायको विकास निर्माण एवम् सेवा प्रवाहसँग सम्बन्धित विषयमा विषयगत कार्यालय, नागरिक समाज, निजी क्षेत्रसँग गरिने अन्तरक्रिया एवम् समन्वय कार्यक्रम ।

## १.५ क्षमता विकास योजनाको लक्ष एवं उद्देश्य

मंगला गाउँपालिकाको तीन वर्षे क्षमता विकास कार्ययोजनाका दीर्घकालीन लक्ष र उद्देश्यहरू तल उल्लेख गरिए अनुसार रहने छन् ।

### १.५.१ दीर्घकालीन लक्ष्य

गाउँपालिकाबाट प्रदान गरिने सबै किसिमका स्थानीय सरोकारका गाउँस्तरीय सेवा तथा सुविधाहरू छिटो, छरितो, प्रभावकारी र जिम्मेवारीपूर्वक प्रवाह भई गाउँ विकासका सबै किसिमका क्रियाकलापहरू समावेशी, जवाफदेही र प्रभावकारी ढंगले सञ्चालन गर्ने क्षमता अभिबृद्धीमा टेवा पुगेको हुनेछ।

### १.५.२ उद्देश्यहरू

- गाउँ कार्यपालिकाको विभिन्न पदीय जिम्मेवारीमा कार्यरत कर्मचारीहरू निर्धारित कार्य विवरण अनुसार तोकिएका कामहरू पूर्ण जिम्मेवारीपूर्वक सम्पादन गर्न उत्प्रेरित हुनेछन् । यसबाट सबै किसिमका स्थानीय सेवाहरू सहज, सरल, झन्झटरहित र गुणस्तरीय तवरले प्रवाह गर्न गाउँपालिका र अन्तर्गत निकाय पूर्ण रुपमा सक्षम भएको हुनेछन् ।
- गाउँपालिकाको बिद्यमान कार्य जिम्मेवारीका आधारमा मौजुदा सङ्गठनात्मक संरचना र जनशक्तिलाई आधार मानी सेवा प्रवाहमा देखिएको कमजोरी पत्ता लगाई कार्यसम्पादन स्तरमा सुधार गरी प्रभावकारीता अभिबृद्धि गर्न टेवा पुग्नेछ ।
- गाउँपालिकाले लिएका दीर्घकालीन सोच र गन्तव्य सम्म पुग्न साविकमा गाउँसभाबाट र आगामी गाउँसभाबाट स्वीकृत क्षेत्रगत नीतिहरूमा आधारित रहि भविष्यका चुनौती र नयाँ प्रविधिको परिवर्तनलाई आत्मसाथ गर्न सक्ने सीप र क्षमता भएको जनशक्ति तयार गर्न समय सापेक्ष प्रशिक्षण कार्यक्रमहरू पहिचान गर्न टेवा पुग्नेछ ।
- गाउँपालिका मार्फत सञ्चालन गरिने गाउँ विकासका आयोजनागत क्रियाकलापहरूको कार्य सम्पादनस्तरमा उल्लेख्य सुधार भई गाउँवासी प्रत्यक्ष रुपमा लाभान्वित हुनेछन् । गाउँपालिकाको सार्वजनिक तथा सामुदायिक विकासका कार्यक्रमहरूमा आमसमुदायको अर्थपूर्ण सहभागीतामा बृद्धी भई गाउँपालिकाप्रतिको विश्वासमा बढोत्तरी भएको हुनेछ ।
- गाउँपालिकाको कामकारवाहीमा सहभागिता अभिबृद्धी गर्न गाउँपालिकाको कार्यहरूसँग सरोकार राख्ने लक्षित वर्ग र समुदाय स्तरको लागि क्षमता विकास कार्यक्रमहरू पहिचान गरी प्रवाहिकरण गर्न सहयोग पुग्न जानेछ ।
- निर्वाचित जनप्रतिनिधिहरूलाई विधि र पद्धतीमा आधारित स्थानीय शासन सञ्चालन सम्वन्धी संस्थागत सिकाई र दक्षता अभिबृद्धिका लागि नेतृत्व विकासको अवसर प्राप्त हुनेछ ।
- नेपालको संविधानले परिकल्पना गरेको तीन तहको सरकार मध्ये सक्षम, सवल, जिम्मेवार र नागरिक मैत्री स्थानीय सरकारको स्वरुपमा रुपान्तरण हुन टेवा पुग्नेछ ।

### १.५.३ क्षमता विकासका रणनीति

गाउँ कार्यपालिकाको कार्यालयबाट एवं वडा कार्यालयहरूबाट सेवाग्राहीको माग अनुसार प्रदान गरिँदै आएका सेवाहरू, आर्थिक, सामाजिक एवं भौतिक पूर्वाधारसँग सम्वन्धित विकास कार्यक्रमहरू र समुदाय स्तरको क्षमता विकास योजना संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयबाट जारी क्षमता विकास कार्यविधि २०६६ का आधारमा तयार गरिएको एकीकृत क्षमता विकास कार्ययोजनाका रणनीतिहरू देहाय बमोजिम रहने छन् ।

- क्षमता विकास योजनाको माध्यमले स्थानीय स्वशासन, स्थानीय विकास तथा सेवा प्रवाहसँग सम्बन्धित गाउँ कार्यपालिका कार्यालय, वडा कार्यालय, कर्मचारीहरू तथा सरोकारवालाहरूको संस्थागत विकास, मानव संशाधन, आर्थिक व्यवस्थापन, प्रविधि र कार्यमूलमक सम्बन्ध विकास तथा कार्य वातावरणमा सकारात्मक परिवेश विकास गर्ने ।
- क्षमता विकासको लागि मागमा र आपूर्तिमा आधारित कार्यक्रमहरू समावेश गरिएको छ । मागमा आधारित क्षमता विकासका कार्यक्रमहरू कर्मचारीहरूसँगको अन्तरक्रिया र छलफलमा आधारित रहि सरोकारवालाहरूको बिद्यमान क्षमता विकास स्थिति लेखाजोखा तथा आवश्यकतामा आधारित छन् भने आपूर्तिमा आधारित क्षमता विकासका कार्यक्रमहरू गाउँपालिका गठनपछि कार्यसम्पादनमा देखिएको कमि कमजोरी सुधार गर्ने ।
- क्षमता विकास योजना तर्जुमा गर्दा लैंगिक तथा सामाजिक समावेशिकरणको बुझाई र कार्यसम्पादनमा सुधारको अपेक्षा गरिएकोले मन्त्रालयबाट जारी निर्देशिकाले परिलक्षित गरे अनुसार क्षमता विकास योजना पुरकको रुपमा प्रयोग गरिने ।
- गाउँपालिकाले आफ्नो गाउँ क्षेत्र भित्र पर्नेका उपभोक्ता समिति, टोल विकास संस्था, वडा नागरिक मञ्च जस्ता सामुदायमा आधारित संस्था, नागरिक समाज तथा निजी सेवा प्रदायकहरूको क्षमता विकास स्थिति लेखाजोखा तथा आवश्यकता पहिचान गरी क्षमता विकास सम्बन्धी कार्यक्रमहरू सञ्चालन गर्न आवश्यक सहयोग, साझेदारी गर्नु पर्ने ।
- स्थानीय सेवा प्रवाहमा सेवा प्रदायकको भूमिका बृद्धि गरिने तथा विकास कार्यक्रमहरूको कार्यान्वयनमा उपभोक्ता समिति, सामुदायिक संस्था तथा गैससको परिचालनलाई प्राथमिकता तथा विशेष जोड दिने ।
- क्षमता विकास कार्ययोजना कार्यान्वयनको प्रगति प्रतिवेदन प्रादेशिक सरकार स्थापना भए पछि तोकिएको निकायमा र सो नभएसम्म संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय जनशक्ति विकास शाखामा चौमासिक र वार्षिक रुपमा पेश गर्नु पर्ने ।

### १.६ क्षमता विकास योजना तर्जुमाको कार्यविधि

मंगला गाउँपालिकाको ३ वर्षे संस्थागत क्षमता विकास योजना तयारीका क्रममा देहायका विधि र प्रक्रियालाई मुख्य आधार लिइएको छ ।

(क) गाउँपालिकाको निर्वाचित अध्यक्षको अध्यक्षतामा भएको अन्तरक्रियात्मक बैठकमा गाउँ कार्यपालिकाका सदस्यहरू (वडा अध्यक्ष), कार्यक्रम फोकल पर्सन तथा अन्य जिम्मेवार कर्मचारीहरू, वडा सचिव, सामाजिक परिचालकहरूको सहभागिता रहेको छलफल कार्यक्रमा गाउँपालिकाको क्षमता विकासका मौजूदा समस्या तथा कर्मचारीका अपेक्षाका विषयमा दुई दिने अन्तरक्रियात्मक छलफलका माध्यमबाट महत्वपूर्ण सुझाव, सल्लाह एवं पृष्ठपोषण लिइएको ।

(ख) गाउँपालिका कार्यालयका विभिन्न शाखा तथा उपशाखा अध्यक्षहरू लगायतका जिम्मेवारीमा रहेका कर्मचारीहरूसँग तोकिए बमोजिम कार्यविवरण अनुसार कार्यसम्पादनमा देखिएका कठिनाई, पीरमर्काको सुनवाईमा आन्तरिक संचार प्रणाली, क्षमता विकासमा गाउँपालिकाको प्रयास तथा भोग्नु परेका कठिनाई र अपेक्षाका विषयमा छलफलको माध्यमले जानकारी हासिल गरिएको ।

(ग) गाउँपालिका अन्तर्गतका हाल कायम ५ वटा वडा रहेकोमा सबै वडामा कार्यालय स्थापना भईसकेको अवस्थामा वडा अध्यक्ष र वडा सचिवहरूसँगको छलफलको आधारमा परिवर्तित परिवेशमा काम गर्दा भोग्नु परेको कठिनाई र वस्तुस्थितीको छलफलका माध्यमबाट अवस्था पहिचान गरिएको ।

(घ) गाउँपालिका कार्यालयको विगत ४ वर्षको गाउँ सभाबाट स्वीकृत आयव्यय (बजेट), स्वीकृत नीति र कार्यक्रम तथा क्षमता विकासमा गरिएका प्रयासहरूको अध्ययन गरी भएका प्रयासहरूको जानकारी लिइएको ।

(ङ) नेपाल सरकारले स्थानीय तह लागु गरेपछि जारी गरेको आदेश, परिपत्र, नमूना ऐन तथा नियमहरू लगायत मौजुदा नीतिगत व्यवस्थाहरूको अध्ययन तथा क्षमता विकासका लागि भए गरेका प्रयासहरूको विषयमा जानकारी हासिल गरिएको ।

## १.७ क्षमता विकास योजनाले समेट्ने विषयगत क्षेत्रहरू

समग्रतामा यस गाउँपालिकाको वर्तमान कार्य सम्पादनको अवस्था र भविष्यमा यसले निर्वाह गर्न पर्ने कार्य जिम्मेवारीको आंकलनको आधारमा देहायका विषय क्षेत्रमा क्षमता विकास कार्यक्रमलाई केन्द्रीत गर्नुपर्ने आवश्यकता पहिचान गरिएको छ

### १.७.१ राजश्व प्रशासन

- राजश्व प्रक्षेपण तथा सङ्कलन
- स्थानीय तहको अधिकार क्षेत्रभित्रका विभिन्न कर, सेवा शुल्क, दस्तुर सङ्कलन
- सम्पत्ति कर तथा अभिलेख व्यवस्थापन
- राजस्व सङ्कलन तथा प्रतिवेदनमा कम्प्युटर सफ्टवेयरको प्रयोग
- राजस्व संभाव्यता अध्ययन र उपयोग
- सार्वजनिक निजी साझेदारी अवधारणा

### १.७.२ आर्थिक प्रशासन तथा वित्तीय व्यवस्थापन

- स्थानीय तहको लेखा व्यवस्थापन र कार्य सञ्चालन
- स्थानीय तहको खाता सञ्चालन, व्यवस्थापन र प्रतिवेदन
- वार्षिक वजेट तयारी तथा मासिक आय व्यय प्रक्षेपण र खर्च व्यवस्थापन
- कम्प्युटर सफ्टवेयर जडान र सञ्चालन एवं आय व्यय सार्वजनिक
- सार्वजनिक खरीद तथा व्यवस्थापन
- वित्तीय जोखिम न्यूनीकरण
- लेखा परिक्षण, बेरुजु फर्छ्यौट र संपरिक्षण

### १.७.३ योजना तथा मूल्याङ्कन

- स्थानीय तह सञ्चालनको आधारभूत ज्ञान
- आवधिक तथा बार्षिक योजना तर्जुमा
- सहभागितात्मक योजना तर्जुमा प्रक्रिया र चरणहरू
- विषय क्षेत्रका आधारमा विषयगत सूचकहरू तयारी
- उपभोक्ता समितिको गठन तथा जनसहभागित सम्बन्धी प्रक्रियाहरू
- योजना कार्यान्वयन, सुपरिवेक्षण तथा फरफारकका प्रक्रियाहरू
- योजना अनुगमनको व्यवस्था, अनुगमन समिति गठन तथा सूचकहरूको तयारी
- योजना कार्यान्वयनमा अन्तर तह समन्वय तथा साझेदारहरूको भूमीका
- विभिन्न समितिहरूको बैठक सञ्चालन, निर्णय लेखन र कार्यान्वयन
- गाउँपालिकाभित्र र अन्तरतह समन्वय र सहकार्य

### १.७.४ शहरी पूर्वाधार विकास (प्राविधिक सेवा)

- स्थानीय शासन सञ्चालनको आधारभूत अनुशिक्षण
- आवधिक योजना तथा वार्षिक गाउँ विकास योजना तर्जुमा
- Preparations of Master Plans (Periodic Plan, Sectoral Plan, MTMP, Tourism Master Plan)
- Preparation of PFM (Project Funding Matrix) and Annual Procurement Plan
- Contract Management, Procurement of Goods and Services and e-bidding
- दररेट, नर्मस, मापदण्ड तथा ल.ई. तयारी
- गुणस्तर परीक्षण र यसका प्रक्रियाहरू
- सुपरिवेक्षण तथा अनुगमन चेकलिष्ट तथा सूचकहरूको तयारी
- सुरक्षित भवन निर्माण तथा नक्सा पास
- सुरक्षित भवन निर्माण सम्बन्धी नीति नियम तथा मापदण्ड
- नक्शा पास सम्बन्धी आधार तथा प्रक्रियाहरू अभिमुखीकरण
- भूकम्प प्रतिरोधी भवन सम्बन्धी आधारहरू
- सुरक्षित भवन निर्माणका लागि सिकर्मी, डकर्मीलाई आधारभूत तालिम
- सुरक्षित भवन निर्माणका लागि नमुना नक्सा तयारी एवं जनचेतनामलक अभियान सञ्चालन

### १.७.५ सामुदायिक विकास तथा सशक्तिकरण

- समावेशी योजना तर्जुमा एवं लक्षित वर्ग कार्यक्रम
- वडा नागरिक मञ्चको गठन तथा भूमिकाबारे
- नागरिक सचेतना केन्द्रको गठन र क्रियाशिलता
- बालमैत्री स्थानीय शासन तथा वातावरण मैत्री स्थानीय शासनको प्रारुप
- उपभोक्ता समितिको गठन र आयोजना कार्यान्वयन
- उपभोक्ता समितिलाई आयोजना व्यवस्थापन सम्बन्धी अभिमुखीकरण
- सार्वजनिक सुनुवाई, सामाजिक परीक्षण र सार्वजनिक परीक्षणका प्रकृयाहरू
- बार्षिक योजना तयारीमा विभिन्न वर्ग समुदायको प्रतिनिधित्व र भूमिका
- सार्वजनिक हित प्रवर्द्धनमा समुदायले निर्वाह गर्ने भूमिका
- टोल सुधार समितिको माध्यमले सामुदायिक सशक्तिकरणको भूमिका
- खुला दिसामुक्त अभियान तथा सरसफाई सम्बन्धी जनचेतना

### १.७.६ गाउँस्तरीय आधारभूत सेवा सम्बन्धी

- पुर्ण सरसफाई युक्त अभियान
- वातावरण संरक्षण एवं प्रवर्द्धन
- सरसफाई व्यवस्थापन एवं निजी क्षेत्रसँग सहकार्य
- दमकल, एम्बुलेन्स सेवाको प्रभावकारिता
- खाद्य गुणस्तर नियन्त्रण र बजार अनुगमन

### १.७.७ न्यायिक तथा प्रशासनिक सेवा सम्बन्धी

- कार्यालय व्यवस्थापन र त्यस सम्बन्धी आधारभूत कुराहरू
- वडा कार्यालयबाट हुने सेवा प्रवाह, सामाजिक सुरक्षा भत्ताको अभिलेख व्यवस्थापन
- सिफारिस, प्रमाणित, मुचुल्का, व्यक्तिगत घटना दर्ता
- बैठक सञ्चालन, निर्णय लेखन सीप विकास
- गाउँ सूचना केन्द्र सञ्चालन र व्यवस्थापन
- दरबन्दी स्वीकृती, सङ्गठन संरचना, कार्यविवरण तयारी तथा पदपूर्ति प्रक्रिया
- नागरिक वडापत्र तयारी, यस्का उपयोगको आधारहरू र गुनासो व्यवस्थापन

- स्थानीय तहको कानुन, कार्यविधि तथा मार्गदर्शन तयारी
- वार्षिक खरीद योजना तयारी तथा खरीद प्रक्रियाहरू (जिन्सी मालसामान आपूर्ती)
- जनशक्ति विकास योजना तयारी, प्रशिक्षणका कार्यक्रम सञ्चालन
- सार्वजनिक संपत्तिहरूको अभिलेख तयारी तथा संरक्षण,
- गाउँ सभाबाट गठन हुने विभिन्न समितिहरूको क्रियाशिलता
- सुशासन प्रवर्द्धन कार्ययोजना तयारी र कार्यान्वयन
- गाउँपालिका सञ्चालनका आवश्यक कानुन तर्जुमा
- न्यायिक समितिको कार्यसञ्चालन तथा प्रभावकारीता अभिबृद्धी
- सामुदायिक मेलमिलाप केन्द्र स्थापना तथा सञ्चालन

### १.७.८ अन्य विषय क्षेत्रहरू

- जिल्ला स्थित विषयगत तहहरूको भूमीका र समन्वय
- स्थानीय राजनीतिक दलरुसँगको समन्वय
- द्वन्द्व समाधान तथा बैठक व्यवस्थापन सम्बन्धी
- योजना अनुगमन तथा समीक्षामा नागरिक सहभागीता
- अन्तरतह समन्वय र सेवाको प्रभावकारीता
- निजी क्षेत्रसँग सहकार्यका संभावना र सहकार्यका आधारहरू
- विषयगत समन्वय तथा स्थानीय सरकारको कार्य जिम्मेवारीका क्षेत्रहरू

## १.८ अपेक्षित प्रतिफल

क्षमता विकासको लागि निर्धारित उद्देश्यहरूको प्राप्तिबाट देहायका प्रतिफल प्राप्त हुनेछ:

क) क्षमता विकास कार्यक्रमको माध्यमले गाउँ कार्यपालिकाले आफ्नो सङ्गठनात्मक संरचना र कार्यसम्पादनमा देखिएको कमजोरी पहिचान गरी जनशक्ति विकासको मार्गचित्र तयार गर्नेछ ।

ख) गाउँ कार्यपालिकामा कार्यरत जनशक्तिको रुची, चाहना तथा कार्यसम्पादनको क्षेत्रलाई सम्वोधन गर्ने गरी क्षमता विकास कार्यक्रम कार्यान्वयनको कार्ययोजना तयार हुनेछ ।

ग) क्षमता विकास योजना कार्यान्वयनको लागि आवश्यक आन्तरिक श्रोत र वाह्य श्रोत जुटाउन उपयुक्त अवसर प्राप्त हुनेछ । मानव संसाधन विकासको प्राथमिकता निर्धारण गरी सो क्षेत्रमा उपलव्ध श्रोत विनियोजन गर्न क्षमता विकास योजना आधार हुनेछ ।

घ) सङ्गठन अन्तर्गत कार्यरत जनशक्तिको ज्ञान, सीप, दक्षता स्तरमा सुधार हुनुका साथै समुदाय र सरोकारवालाहरू समेत गाउँ कार्यपालिकाको कार्यसम्पादन र सेवा प्रवाहको विषयमा अभिमुखीकरणको माध्यमले सुसूचीत भई गाउँ कार्यपालिकाको कामकारवाहीहरू पारदर्शी र जवाफदेही ढंगले सम्पादन हुँदा जनविश्वास अभिबृद्धीमा उल्लेख्य सुधार भएको हुनेछ ।

ङ) लामो राजनीतिक शून्यता पश्चात प्रत्यक्ष निर्वाचनको माध्यमले निर्वाचित पदाधिकारीहरूले गाउँपालिकाको नेतृत्व गर्ने अवसर प्राप्त गरेको हुँदा जनप्रतिनिधीहरूको लागि क्षमता विकास योजना स्थानीय शासन सञ्चालनको सिकाई र नेतृत्व विकासको लागि अवसरको रुपमा सहयोगी हुनेछ ।

च) राज्यले सबै क्षेत्रमा आर्थिक सामाजिक रुपमा पिछडिएका वर्ग र समुदायको अर्थपूर्ण सहभागिताको अवसर सिर्जना गरी समावेशि र समानुपातिक शासन प्रणालीका माध्यमले समाजका कमजोर तथा अवसर विहिनहरूलाई मूलधारमा ल्याउने नीति अवलम्वन गरेकोले क्षमता विकास कार्यक्रमको माध्यमले ती वर्ग र समुदायको मूलप्रवाहिकरणमा टेवा पुग्न जानेछ ।

छ) राज्यको नयाँ संरचना र कार्य जिम्मेवारी सम्पादनको अध्यक्ष अभिभारा स्थानीय तहमा निक्षेपण भएकोले प्रत्येक स्थानीय तहले स्थानीय सरकारको जिम्मेवारीमा रहि काम गर्नु पर्ने हुँदा अव स्थापना हुने विषयगत शाखा तथा ईकाई सञ्चालन र व्यवस्थापनमा समेत सहयोग पुग्न जानेछ ।

### १.८.१ अपेक्षित प्रतिफल मापनको आधार

उल्लेखित अपेक्षित प्रतिफल मापनको आधार निम्न वमोजिम हुनेछः

- गाउँ कार्यपालिकाको संस्थागत र व्यक्तिगत कार्यक्षमतामा सुधार भई कर्मचारीहरूको कार्यसम्पादनको मापन सूचकका आधारमा गर्न सकिनेछ ।
- गाउँपालिकाले आफुले सम्पादन गरेको प्रत्येक वर्षको कामको न्यूनतम शर्त तथा कार्य सम्पादन मापनका नयाँ आधार स्वयं निर्धारण गरी स्वमूल्याङ्कन गरी सार्वजनिक जिम्मेवारी पूरा गरेको हुनेछ।
- गाउँपालिकाले प्राप्त गर्ने वार्षिक अनुदान रकम पारदर्शी रुपमा समयमा खर्च गर्ने क्षमतामा सुधार गरी केन्द्र र प्रदेशबाट थप प्रोत्साहन अनुदान रकम प्राप्त गर्न सक्षम भएको हुनेछ ।
- गाउँपालिकामा उपलव्ध सबै किसिमका भौतिक तथा वित्तीय श्रोतसाधनहरूको परिचालन विधि र विधानमा आधारित रहि संस्थागत रुपमा गरिएको हुनेछ ।
- स्थानीयस्तरमा गाउँपालिका भित्र सञ्चालित कार्यक्रमहरू मध्ये कम्तिमा ९० प्रतिशत योजना तथा कार्यक्रमहरू तोकिएको समय र लागतमा नै सम्पन्न गर्न गाउँपालिका सक्षम भएको हुनेछ ।
- सम्पन्न योजना तथा कार्यक्रमहरू मध्ये कम्तिमा प्रतिशत योजना तथा कार्यक्रमहरू नियमित मर्मत संभार भई निरन्तर सञ्चालनमा आएको हुनेछन् ।
- गाउँपालिका क्षेत्र भित्र सञ्चालन हुने सबै किसिमका भौतिक पूर्वाधारका योजनाहरूको स्पष्ट विवरण समेटिएको सार्वजनिक सूचनापाटी योजना स्थलमा अनिवार्य रुपमा राखिएको हुनेछ ।
- सार्वजनिक सुनवाई कार्यमा अधिल्लो सुनवाई भन्दा सहभागितामा बृद्धी भएको हुनेछ र गाउँ कार्यपालिकाले त्यहाँ उठेका प्रश्नहरूको सम्वोधन र समाधान गरेको पुष्टि भएको आधार सार्वजनिक गरेको हुनेछ ।
- गाउँपालिकाका सबै शाखा, उपशाखा तथा इकाईहरूमा आवश्यकता अनुरुपको फर्निचर, कम्प्युटर लगायतका आधारभुत सामाग्रीहरूको व्यवस्था भएको हुनेछ ।
- गाउँपालिका अन्तर्गत सबै वडा कार्यालयहरू स्थापना भई कानुन बमोजिम गर्न सुम्पिएका कार्य जिम्मेवारीहरू पारदर्शी र प्रभावकारी रुपमा सम्पादन गर्न सक्षम भएका हुनेछन् ।
- जनप्रतिनिधीहरू स्थानीय शासन सञ्चालनका आधारभूत ज्ञानका माध्यमले कानुन बमोजिम सम्पादन गर्नु पर्ने जिम्मेवारी निर्वाह गर्न र योजना तर्जुमा तथा वजेट विनियोजनका कार्य प्राथमिकताका आधारमा प्रभावकारी रुपमा सम्पादन गर्न सक्षम भएका हुनेछन् ।
- गाउँपालिकाले स्थानीय सरकारको रुपमा संविधान र अन्तर्गत वनेका ऐन, नियम, कानुन बमोजिम तोकिएका व्यवस्थापकीय, कार्यकारीणी र न्यायीक अधिकार सहितको कार्य जिम्मेवारी प्रभावकारी ढंगमा सम्पादन गरी सुशासन कायम गर्न सक्षम भएको हुनेछ ।
- स्थानीय समुदाय तथा नागरिक समाजको सहभागिता बृद्धि भई गाउँपालिकाको सेवा प्रवाह, दैनिक कार्य सम्पादन र विकास निर्माण कार्यको रेखदेख, चासो र अनुगमनको काममा अग्रसर रहि गाउँपालिकालाई निरन्तर निगरानी र खवरदारी गरेका हुनेछन् ।

### १.८.२ क्षमता विकास क्रियाकलाप मापनका सूचकहरू

क्षमता विकास क्रियाकलाप मापनका सूचकहरू निम्न अनुसार हुनेछन्:

गाउँ कार्यपालिकाले क्षमता विकास योजना स्वीकृत गरी कार्यान्वयनमा ल्याए सँगै सञ्चालन गरिने क्रियाकलापहरू मापनको लागि तथा कार्यक्रमको समीक्षाको लागि सूचकहरू तयार गर्नु आवश्यक रहन्छ । सूचकहरू निर्धारण गर्दा उद्देश्य तथा अपेक्षित प्रतिफल प्राप्त भए नभएको अवस्था पहिचान गर्न सहयोग पुग्ने गरी सूचक निर्धारण गर्नु जरुरी भएकोले केही सूचकहरू नमूनाको रुपमा तल उल्लेख गरिएको छ।

१. गाउँ कार्यपालिकाले स्थानीय सेवा प्रवाह तथा दैनिक कार्य सम्पादनका लागि आफ्नो कार्यक्षेत्रका सबै विषय समेटने गरी आवश्यक कानुन, नियमहरू लगायत नीति, निर्देशिका तथा कार्यविधि स्वीकृत गरी प्रयोगमा ल्याएको हुनेछ ।
२. गाउँ सभाबाट स्वीकृत ऐन, नियम तथा नीतका आधारमा स्थानीय सेवा प्रवाह र कार्य सम्पादन सम्बन्धि नियमहरू, निर्देशिका एवं कार्यविधिका बारेमा गाउँ कार्यपालिकाका कर्मचारीहरू, वडा समितिका कर्मचारीहरू तथा जनप्रतिनिधिहरूलाई आवश्यकता अनुसार अभिमुखीकरण तथा प्रशिक्षण प्रदान गरिएको हुनेछ ।
३. गाउँ कार्यपालिका अन्तर्गत प्रत्येक वडामा नागरिक वडापत्र स्थापना भई नागरिक बडापत्रको माध्यमले तोकिए बमोजिमका सबै सेवाहरू सहज रुपमा प्रवाहित भएको हुनेछ । साथै नागरिकका जायज गुनासाहरू सम्वोधनको व्यवस्था प्रभावकारी भएको हुनेछ ।
४. गाउँपालिकासँग सम्वन्धित सबै योजना तथा कार्यक्रमहरू तर्जुमा गर्दा सहभागितात्मक तथा समावेशीता योजना तर्जुमा विधिको पालना भएको हुनेछ । योजना तर्जुमा, अनुगमन, समीक्षा तथा प्रतिवेदन सम्बन्धि फाराम तथा ढाँचा तयार भई प्रयोगमा आएको हुनेछ र सबै प्रतिवेदन समयमा नै तयार भएको हुनेछ ।
५. आर्थिक ऐन नियम अनुसार तोकिएको ढाँचामा लेखाको आय व्यय श्रेस्ता तथा कानुन अनुसार राख्नु पर्ने सबै खाले अभिलेख व्यवस्थित गरी राखेको र समयमा नै सबै प्रतिवेदन तयार गरी पेश भएको हुनेछ ।
६. गाउँ कार्यपालिकाले निर्दिष्ट ढाँचा अनुसार तयार गर्नु पर्ने मासिक/चौमासिक/वार्षिक वित्तीय र भौतिक प्रगति प्रतिवेदनहरू तोकिएको समयभित्रै तयार गरी सम्वन्धित सबै तहमा पठाएको र सो प्रतिवेदन उपर गाउँपालिका वोर्ड बैठकमा छलफल भएको हुनेछ ।
७. गाउँपालिकामा गठित लेखा समित कृयाशिल हुनेछ ।
८. गाउँ कार्यपालिका कार्यालय र वडा कार्यालयको वार्षिक जिन्सी निरीक्षण तोकिएको समय भित्रै सम्पन्न गरी प्रतिवेदन गाउँपालिका वोर्डमा छलफल भई प्रतिवेदन कार्यान्वयनमा आएको हुनेछ ।
९. गाउँ कार्यपालिका कार्यालय, शाखाहरू, वडा कार्यालयमा कार्यरत सबै कर्मचारीहरूको सम्वन्धित पदको कार्य विवरण खुलाई जिम्मेवारी तोकिएको हुनेछ । कार्य विवरणमा उल्लेखित जिम्मेवारीका आधारमा कार्यसम्पादन मापनका आधार प्रयोगमा ल्याएको हुनेछ ।
१०. गाउँ सभाबाट स्वीकृत योजना तथा कार्यक्रमहरू कार्यान्वयनको वार्षिक कार्ययोजना तयार गरी तहगत जिम्मेवारी तोकेर सबै योजना तथा कार्यक्रम निर्धारित समय भित्रै सञ्चालन र सम्पन्न भएका हुनेछन् ।
११. गाउँपालिका स्तरमा उपाध्यक्षको संयोजकत्वमा गाउँस्तरीय र वडास्तरमा वडा अध्यक्षको संयोजनकत्वमा वडास्तरीय योजना अनुगमन तथा सुपरिवेक्षण समिति गठन र क्रियाशील भई अनुगमनका क्षेत्रगत सूचक तथा कार्यतालिका अनुसार काम भएको हुनेछ ।
१२. सबै वडाहरूमा टोल विकास संस्था, वडा नागरिक मञ्च, नागरिक सचेतना केन्द्र, बाल क्लब लगायत सामुदायिक संस्थाहरू गठनमा सहजीकरण गरी वार्षिक योजना/कार्यक्रम तर्जुमा, अनुगमन र सामुदायिक क्रियाकलापका समुदायको सहभागितामा विगत भन्दा सुधार भएको हुनेछ ।
१३. आर्थिक तथा सामाजिक अवसरहरूबाट पछाडि रहेका वर्ग र क्षेत्रका समुदायको योजना तर्जुमा तथा बजेट निर्माणमा र सो समुदायको सरोकारको विषयको निर्णय प्रक्रियामा पहूँच एवं सहभागितामा उल्लेख्य बृद्धि भएको हुनेछ ।
१४. मूलधार भन्दा पछाडि परेका आर्थिक सामाजिक रुपमा कमजोर वर्ग, महिला, आदिवासी, जनजाति, दलित, अल्पसंख्यक, फरक क्षमता भएका लगायतले स्वीकृत कानुन, नीति नियम, निर्देशिका, कार्यविधिबारे अभिमुखीकरणको माध्यमले जानकारी प्रवाहित गरिएको हुनेछ ।
१५. विकास क्रियाकलापहरूमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणका लागि सञ्चालन गरिने क्षमता विकास कार्यक्रमहरू मार्फत सामुदायिक सशक्तिकरण तथा समावेशिताको स्तर पहिचान सूचकको आधार हुनेछ ।

१६. सुरक्षित भवन निर्माणको लागि गाउँपालिका भित्र भवन संहिता र मापदण्ड पूर्ण रुपमा लागु भई शतप्रतिशत भवनहरू स्वीकृत मापदण्ड अनुसार निर्माण भएको हुनेछ ।

१७. स्थानीय सेवाहरू सहज रुपमा प्रवाह गर्न आवश्यक न्यूनतम भौतिक पूर्वाधारहरू ( कार्यालय भवन) सेवाग्राही मैत्री भएको, इन्जिनियरिङ्ग उपकरण, सूचना प्रविधि उपकरण तथा अन्य भौतिक सुविधा थप भई कार्य सञ्चालनमा प्रयोगमा आएको हुनेछ ।

१८. स्थानीय सेवा प्रवाहका कार्यहरू तथा विकास योजना सम्बन्धि कार्यहरू कम्प्युटर सफ्टवेयर जडान भई प्रयोगमा ल्याएको हुनेछ ।

१९. तीन वर्ष भित्रमा गाउँपालिकाका सबै जनसरोकारका कामहरू सूचना प्रविधिमा आधारित भई अनलाईन प्रणालीबाट सेवा सुविधा उपलव्ध भएको हुनेछ ।

२०. गाउँपालिकाको प्रत्येक कर्मचारीको इमेल आई.डी. उपलव्ध भई सूचना प्रविधिको प्रयोगमा पहूँच सुनिश्चित भएको हुनेछ ।

२१. गाउँ कार्यपालिकासँग सम्वन्धित सार्वजनिक सरोकारका सत्य र तथ्यमा आधारित सूचना प्रवाहको लागि भरपर्दो संस्थागत प्रणाली स्थापना गरी प्रभावकारी भएको हुनेछ ।

२२. गाउँ सूचना केन्द्र स्थापना गरी गाउँपालिकाको वेवसाईटमा सूचनाको हक सम्वन्धी ऐन नियम अनुसार राखु पर्ने आधारभूत सूचनाहरू तोकिएको ढाँचामा अद्यावधि गरी राखिएको र आम नागरिकको सहज पहूँच सुनिश्चित भएको हुनेछ ।

२३. सूचना प्रविधिको प्रयोग गरी गाउँ कार्यपालिकाका सबै किसिमका अभिलेख अद्यावधिक गर्ने, नियमित रुपमा प्रतिवेदन तयार गर्ने र दोहोरो सञ्चार प्रविधि प्रयोगमा ल्याएको हुनेछ ।

२४. गाउँक्षेत्रमा क्रियाशील राजनीतिक दलहरू, सामुदायिक संस्थाहरू, नागरिक समाजका प्रतिनिधिहरू लगायत सरोकारबालाहरूले वजेट तथा कार्यक्रमहरूबारे सूचना एवं जानकारी पाएका हुनेछन् ।

२५. गाउँसभाबाट स्वीकृत वार्षिक योजना, कार्यक्रम तथा बजेटबारे आम नागरिकहरूले सार्वजनिक रुपमा जानकारी पाएको हुनेछन् । साथै गाउँपालिकाको विभिन्न बैठकका निर्णयहरू सार्वजनिक भएको हुनेछ ।

२६. गाउँपालिकाबाट सञ्चालन भई सम्पन्न भएका सबै योजना तथा कार्यक्रमहरूको सार्वजनिक परिक्षण लाभग्राही समुदायको रोहवरमा योजना सञ्चालन स्थलमा भएको सुनिश्चित हुनेछ ।

२७. विकास निर्माण एवम् सेवा प्रवाहसँग सम्बन्धित विषयमा विषयगत कार्यालय, नागरिक समाज, निजी क्षेत्रसँग गरिने अन्तरक्रिया एवम् समन्वय कार्यको उपलव्धीको आधारलाई सुचकको रुपमा लिइनेछ।

२८. समग्रमा गाउँपालिकाको कामबाट जनताले प्राप्त गरेको सन्तुष्टी मापन तथा गुनासो व्यवस्थापनको संस्थागत व्यवस्थाको क्रियाशीलताको आधार र प्रभावकारीता समेत सूचकको आधार हुनेछ ।

२९. क्षमता विकास योजनाको लागि आन्तरिक श्रोतबाट नपुग रकम कार्यक्रमका आधारमा नपुग श्रोत साधन तथा जनशक्ति वाह्य श्रोतबाट जुटाई परिचालित भएको हुनेछ ।

३०. गाउँपालिकाले सार्वजनिक क्षेत्र सहित निजी क्षेत्र, गैसस, सामुदायिक संस्थासँगको सहकार्य र साझेदारीमा क्षमता विकास कार्यक्रम कार्यान्वयनका ल्याएको हुनेछ ।

३१. गाउँपालिकाको क्षमता विकास योजनाका विषय क्षेत्रहरूमा प्रशिक्षण सञ्चालन गर्न योग्य सेवा प्रदायहरूको सूची तयार भई सो बमोजिम सेवा प्रदायकहरू परिचालन भएको हुनेछन् ।

### १.९ योजना तर्जुमाका सीमाहरू

गाउँपालिकाको क्षमता विकास कार्यक्रम तर्जुमा जस्तो गहन क्षेत्रको अध्ययनबाट अपेक्षा गरिए अनुसारका नतीजा प्राप्त गर्न विभिन्न चरणमा देखिने भौतिक, वित्तीय एवं जनशक्तिका सीमितताबाट यो अध्ययन समेत अछुतो रहेको छैन । गाउँपालिकाको क्षमता विकास सम्वन्धी अध्ययनमा देखिएका प्रमुख सीमाहरू यस अनुसार रहेको छ ।

क) गाउँपालिकाले क्षमता विकास कार्ययोजना तयारीको कार्य सम्पन्न गर्न विनियोजन गरेको वजेट परिधि भित्र अध्ययन कार्य अगाडी बढाउनु पर्ने सीमाका कारण यस क्षेत्रका उच्च दक्षता हासिल गरेका विज्ञ

व्यक्तित्वहरू तथा अन्य सरोकारवालाहरूसँग श्रोतसाधन र समय सीमाको कारण पर्याप्त विचार विमर्श तथा छलफल गर्न संभव नहुनु ।

ख) गाउँपालिका भित्रका सेवाग्राही वर्ग,टोल विकास संस्था, वडा नागरिक मञ्च तथा लक्षित वर्ग एवं अन्य प्रत्यक्ष,अप्रत्यक्ष सरोकार राख्ने सामाजिक संघसंस्थाहरू, नागरिक समाजसँग राय सुझाव लिन पर्याप्त समयको उपलव्धता तथा साधनको कमि रहनु ।

ग) क्षमता विकास योजना तयारी सीमीत समयको दवाव भित्र सम्पन्न गर्नु पर्ने कारण पुराना र नयाँ गाउँपालिकाहरूबाट भए गरिएका प्रयास, सिकाई तथा अनुभवहरूको अध्ययन गर्न समय र सामाग्रीको उपलव्धता नहुनु ।

घ) सहायक कर्मचारीहरूको बुझाईमा क्षमता विकास भनेको तालिम मात्रै हो र विशेष गरी क्षमता विकासले माथिल्लो तहका कर्मचारी र पदाधिकारीलाई प्रत्यक्ष फाईदा पुग्ने कार्यक्रम बनाउने आधार हो भन्ने भ्रम चिर्न नसक्दा उनीहरूको वास्तविका अपेक्षा पत्ता लगाउन निकै असहजता देखिनु ।

ङ) क्षमता विकास कार्ययोजना तयारीका लागि आधारभूत रुपमा समुदायका सदस्यहरू तथा आम जनमानसले भौतिक पूर्वाधारलाई मात्र विकास हो भन्ने वुझाई रहेकोले समुदायका रुची र चाहना खुलस्त रुपमा अभिव्यक्त हुन नसक्दा सरोकारवालाको चाहनालाई सम्वोधन गर्न कठिनाई देखिनु।

च) गाउँपालिकामा पदिय जिम्मेवारी अनुसारका आवश्यक जनशक्ति नरहेको कारण क्षमता विकासका समस्या तथा क्रियाकलाप पहिचानमा समस्या भएकोले अपेक्षित विषयक्षेत्र समेट्न कठिनाई हुनु।

## परिच्छेद — दुईः गाउँपालिकाको क्षमता विकास योजना

### २.१ गाउँपालिकाको बर्तमान सङ्गठनात्मक स्वरुपको अवस्था

मंगला गाउँपालिकाको सङ्गठन संरचना अनुसार गाउँसभा गाउँपालिकाको सर्वोच्च तहको रुपमा रहेको छ जसप्रति गाउँ कार्यपालिका उत्तरदायी हुने गर्दछ । गाउँसभा अन्तर्गत लेखा समिति, सुशासन समिति तथा आवश्यकता अनुसार अन्य समितिहरू रहने व्यवस्था गरिएको छ । यसैगरी गाउँ कार्यपालिकाको अध्यक्ष कार्यक्षेत्र अन्तर्गत गाउँपालिकाको विकास, पूर्वाधार विकास र वातावरण तथा विपद् व्यवस्थापन जस्ता कार्यहरू रहेका छन् ।

गाउँ कार्यपालिकाको प्रमुखको रुपमा गाउँ अध्यक्ष र उपाध्यक्षको रुपमा गाउँपालिका उपाध्यक्ष (निर्वाचित पदाधिकारी) रहने व्यवस्था गरिएको छ । यसैगरी उपाध्यक्षले न्यायिक समितिको नेतृत्व गर्ने व्यवस्था रहिआएको छ । गाउँ कार्यपालिकाको प्रमुख प्रशासकीय अधिकृत (नवौं तह) को रुपमा नेपाल सरकारको निजामती सेवाको प्रशासन सेवा, सामान्य प्रशासन समूह अन्तर्गतको राजपत्राङ्कित द्वितीय श्रेणीको अधिकृतलाई नेपाल सरकारले खटाउने व्यवस्था गरिएको छ । प्रमुख प्रशासकीय अधिकृत गाउँपालिका अध्यक्ष प्रति उत्तरदायी रहने व्यवस्था छ भने निजले गाउँसभाको सचिवको हैसियतले समेत कार्य गर्ने भएकाले निज गाउँ सभा प्रति समेत उत्तरदायी हुनुपर्ने व्यवस्था रहेको छ । प्रमुख प्रशासकीय अधिकृतको प्रत्यक्ष मातहतमा प्रशासन, योजना तथा अनुगमन शाखा, पूर्वाधार विकास शाखा, स्वास्थ्य तथा सामाजिक विकास शाखा, शिक्षा, युवा तथा खेलकुद शाखा, आर्थिक विकास शाखा, आर्थिक प्रशासन शाखा, र आन्तरिक लेखापरीक्षण एकाइको संस्थागत व्यवस्था गरिएको छ ।

यस पालिकामा प्रशासन शाखा, योजना तथा अनुगमन शाखा, आर्थिक प्रशासन तथा राजश्व शाखा, योजना तथा अनुगमन शाखा, कृषि शाखा र पशु शाखा रहेका छन् । प्रशासन शाखा अन्तर्गत जिन्सी व्यवस्थापन तथा दर्ता चलानी इकाई रहेको र यसै शाखाले गाउँपालिकाभित्र रहेका ५ वटै वडाहरूसँग समन्वय गर्ने व्यवस्था पनि रहेको छ ।

पूर्वाधार विकास शाखा अन्तर्गत सडक, सिँचाइ तथा अन्य पूर्वाधार विकास उपशाखा, भवन तथा वस्ती विकास उपशाखा र वातावरण तथा विपद्व्यवस्थापन एकाइ रहने व्यवस्था छ । स्वास्थ्य तथा सामाजिक विकास शाखा अन्तर्गत सामाजिक सुरक्षा तथा पञ्जीकरण उपशाखा र महिला बालबालिका र समाज कल्याण उपशाखाको व्यवस्था गरिएको छ । यसैगरी विद्यमान सङ्गठन संरचना अन्तर्गत अध्यक्ष प्रशासकीय अधिकृतको मातहतमा स्वास्थ्य र कृषि/पशु तर्फका तहहरू (प्राथमिक स्वास्थ्य केन्द्र, स्वास्थ्य चौकी, आयुर्वेद औषधालय, शहरी स्वास्थ्य केन्द्र, कृषि विकास शाखा र पशु सेवा केन्द्र) रहने व्यवस्था भएको देखिन्छ ।

दरबन्दीगत दृष्टिकोणबाट हेर्दा वर्तमान अवस्थामा यस कार्यालयमा नेपाल सरकारका निजामती सेवाका कर्मचारी, स्थानीय सेवाका कर्मचारी (स्थायी, करार, ज्यालादारी) र दरबन्दी बाहेकका कर्मचारीहरू रहेका छन् । उक्तानुसार हाल विद्यमान कर्मचारी दरबन्दी तालिका–२ मा प्रस्तुत गरिएको छ ।

**तालिका २: मंगला गाउँपालिकामा मौजुदा स्विकृत दरबन्दी एवं करारमा रहेका कर्मचारीहरूको पद र सङ्ख्या**

| मंगला गाउँपालिकाको कार्यालय र अन्तर्गतका कार्यालयमा कार्यरत कर्मचारीहरुको विवरण | | | |
|---|---|---|---|
| क्र.सं. | नामथर | पद | कैफियत |
| १ | श्री मनोहर ढुङ्गाना | प्रमुख प्रशासकीय अधिकृत | स्थायी |
| २ | श्री डेक बहादुर बानियाँ | स्रोत व्यक्ति | स्थायी |
| ३ | श्री डा. मिलन सापकोटा | पशु विकास अधिकृत | करर |
| ४ | श्री राजेन्द्र आचार्य | अधिकृत छैंठौं | अस्थायी |
| ५ | श्री सुजन पाध्या | ईन्जिनियर | करार |
| ६ | श्री अमृता थापा मगर | सूचना प्रविधि अधिकृत | करार |
| ७ | श्री लेखनाथ अधिकारी | लेखा प्रमुख | स्थायी |
| ८ | श्री कृष्ण प्रसाद भुसाल | रोजगार संयोजक | करार |

| मंगला गाउँपालिकाको कार्यालय र अन्तर्गतका कार्यालयमा कार्यरत कर्मचारीहरुको विवरण | | | |
|---|---|---|---|
| **क्र.सं.** | **नामथर** | **पद** | **कैफियत** |
| ९ | श्री सुदर्शन पौडेल | योजना अधिकृत | स्थायी |
| १० | श्री लेखनाथ रोका | स्वास्थ्य शाखा प्रमुख | स्थायी |
| ११ | श्री राधा कुमारी खत्री | सहायक पाँचौं (ना.सु.) | अस्थायी |
| १२ | श्री लेकनाथ सापकोटा | एम.आई.एस अपरेटर | करार |
| १३ | श्री सजिना भण्डारी | प्राविधिक सहायक | करार |
| १४ | श्री खेमराज उपाध्याय सुवेदी | सहायक चौंथौं (खरिदार) | अस्थायी |
| १५ | श्री राधा आचार्य | अ.न.मी. | स्थायी |
| १६ | श्री प्रशान्त पौडेल | प्रा.स. (कृषि) | करार |
| १७ | श्री तारा बानिया | ना.प्रा.स. (कृषि) | करार |
| १८ | श्री हरि देव पन्त | ना.प.से.प्रा. (पशु) | स्थायी |
| १९ | श्री विक्रम नेपाली | ना.प्रा.स. (कृषि) | स्थायी |
| २० | श्री विराज कुमार ठाकुर | ना.प.से.प्रा. (पशु) | स्थायी |
| २१ | श्री मोहन परियार | अ.सब-ईन्जिनियर | करार |
| २२ | श्री विपिन आचार्य | अ.सब-ईन्जिनियर | करार |
| २३ | श्री पुष्पा कुमारी मण्डल | अ.सब-ईन्जिनियर | स्थायी |
| २४ | श्री टिका कुमारी खत्री | उद्यम विकास सहजकर्ता | करार |
| २५ | श्री बबिता पुन | उद्यम विकास सहजकर्ता | करार |
| २६ | श्री रुद्र गिरी | सवारी चालक | करार |
| २७ | श्री रमिला गौतम उपाध्याय | कार्यालय सहयोगी | करार |
| २८ | श्री गणेशमान रेग्मी | कार्यालय सहयोगी | करार |
| **१ नं. वडा कार्यालय, कुहुँ** | | | |
| **क्र.सं.** | **नामथर** | **पद** | **कैफियत** |
| १ | श्री माया कुमारी अधिकारी | वडा सचिव | स्थायी |
| २ | श्री ज्ञानेन्द्र किसान | सामाजिक परिचालक | करार |
| ३ | श्री आकाश जि.सी. | ना.प्रा.स. (पशु) | करार |
| ४ | श्री चित्र बहादुर खत्री | कार्यालय सहयोगी | करार |
| **२ नं. वडा कार्यालय, बाबियाचौर** | | | |
| **क्र.सं.** | **नामथर** | **पद** | **कैफियत** |
| १ | श्री अनिता कुमारी शर्मा | वडा सचिव | स्थायी |
| २ | श्री तारानाथ सापकोटा | कार्यालय सहयोगी | स्थायी |
| ३ | श्री सूर्य बहादुर बि.क. | कार्यालय सहयोगी | करार |
| **३ नं.वडा कार्यालय, आर्भाङ्ग, बरंजा** | | | |
| **क्र.सं.** | **नामथर** | **पद** | **कैफियत** |
| १ | श्री मान बहादुर ओली | अ.सब-ईन्जिनियर | करार |
| २ | श्री लालदेवी पुन | सामाजिक परिचालक | करार |
| ३ | श्री अमर बहादुर थापा | कार्यालय सहयोगी | करार |
| **४ नं.वडा कार्यालय, बुकेनी, बरंजा** | | | |
| **क्र.सं.** | **नामथर** | **पद** | **कैफियत** |
| १ | श्री धन बहादुर बोहरा | अ.सब-ईन्जिनियर | |
| २ | श्री मनकुमारी घर्ति मगर | कार्यालय सहायक | करार |
| ३ | श्री अनिता सापकोटा | ना.प्रा.स. (पशु) | करार |

| मंगला गाउँपालिकाको कार्यालय र अन्तर्गतका कार्यालयमा कार्यरत कर्मचारीहरुको विवरण | | | |
|---|---|---|---|
| क्र.सं. | नामथर | पद | कैफियत |
| ५ नं.वडा कार्यालय, पाँखु, अर्मन | | | |
| क्र.सं. | नामथर | पद | कैफियत |
| १ | श्री डिल बहादुर रोका | वडा सचिव | स्थायी |
| २ | श्री नगेन्द्र सापकोटा | अ.सब-ईन्जिनियर | करार |
| ३ | श्री खमीसरा श्रीष | सामाजिक परिचालक | करार |
| ४ | श्री सीमा सुवेदी | ना.प्रा.स. (कृषि) | करार |
| ५ | श्री सतिमाया छन्त्याल | कार्यालय सहयोगी | करार |
| कुहुँ स्वास्थ्य चौकी, कुहुँ | | | |
| क्र.सं. | नामथर | पद | कैफियत |
| १ | श्री भविसरा रोका | अ.न.मी. पाँचौं | स्थायी |
| २ | श्री पार्वती पन्त | अ.न.मी. चौथो | स्थायी |
| ३ | श्री नूतन यादव | अ.हे.व. चौथो | स्थायी |
| ४ | श्री दुर्गा गौतम | अ.न.मी. चौथो | करार |
| ५ | श्री उदय वानिया | का.स. पाँचौं | स्थायी |
| बाबियाचौर स्वास्थ्य चौकी, सहस्रधारा | | | |
| क्र.सं. | नामथर | पद | कैफियत |
| १ | श्री बालकृष्ण शर्मा | सि.अ.हे.व. छैंठौं | स्थायी |
| २ | श्री बिष्णु खत्री | अ.न.मी. पाँचौं | स्थायी |
| ३ | श्री कमला मल्ल | अ.न.मी. चौथो | स्थायी |
| ४ | श्री सुनिता ढकाल | अ.हे.व. चौथो | करार |
| ५ | श्री खगेन्द्र भण्डारी | का.स. | करार |
| बरंजा स्वास्थ्य चौकी, आर्भाङ्ग बरंजा | | | |
| क्र.सं. | नामथर | पद | कैफियत |
| १ | श्री नारायण दत्त सापकोटा | सि.अ.हे.व. छैंठौं | स्थायी |
| २ | श्री कामदेवि पुर्जा | अ.न.मी. पाँचौं | स्थायी |
| ३ | श्री रन्जना थापा | अ.न.मी. चौथो | स्थायी |
| ४ | श्री रोशन कुमार महतो | अ.हे.व. चौथो | स्थायी |
| ५ | श्री यज्ञ कुमारी घर्ती | अ.न.मी. चौथो | करार |
| ६ | श्री सामना खत्रि | हे.अ. पाँचौं | करार |
| ७ | श्री गिता सापकोटा | का.स. | करार |
| अर्मन स्वास्थ्य चौकी, अर्मन | | | |
| क्र.सं. | नामथर | पद | कैफियत |
| १ | श्री याम प्रसाद खराल | सि.अ.हे.व. छैंठौं | स्थायी |
| २ | श्री हिरादेवी खराल | अ.न.मी. चौथो | स्थायी |
| ३ | श्री सुस्मिता खड्का न्यौपाने | अ.हे.व. चौथो | स्थायी |
| ४ | श्री राधिका थापा कार्की | अ.हे.व. चौथो | स्थायी |
| ५ | श्री माया पौडेल | हे.अ. पाँचौं | करार |
| ६ | श्री अमृता फगामी | अ.न.मी. चौथो | करार |
| ७ | श्री धना गुरुङ | का.स. | करार |
| | धारा सामुदायिक स्वास्थ्य इकाई, धारा | | |
| क्र.सं. | नामथर | पद | कैफियत |
| १ | श्री माया देवी खराल | अ.न.मी. चौथो | करार |

| मंगला गाउँपालिकाको कार्यालय र अन्तर्गतका कार्यालयमा कार्यरत कर्मचारीहरुको विवरण | | | |
|---|---|---|---|
| **क.सं.** | **नामथर** | **पद** | **कैफियत** |
| | खात्रुङ्गखोला सामुदायिक स्वास्थ्य इकाई, खात्रुङ्गखोला | | |
| १ | श्री नरमाया थापा | अ.हे.व. चौंथो | करार |
| २ | श्री चन्द्रकलि थापा | अ.न.मी. चौंथो | करार |
| **बुकेनी सामुदायिक स्वास्थ्य इकाई, बुकेनी** | | | |
| **क.सं.** | **नामथर** | **पद** | **कैफियत** |
| १ | श्री तारा बस्याल | अ.न.मी. चौंथो | करार |
| २ | श्री कोपिला कडेल | अ.हे.व. चौंथो | करार |
| **कोभिड अस्पताल** | | | |
| **क.सं.** | **नामथर** | **पद** | **कैफियत** |
| १ | श्री शान्ति सापकोटा | स्टाफ नर्स | करार |
| २ | श्री जुना थापा मगर पौडेल | का.स. | करार |

***स्रोतः मंगला गाउँपालिकाको कार्यालय***

मंगला गाउँपालिकाको कर्मचारी दरबन्दी हेर्दा प्राविधिक र अप्राविधिक दुवै प्रकृतिका कर्मचारीहरूको दरबन्दी यस कार्यालयमा रहेका छन् । छैठौं तह र सोभन्दा माथिका दरबन्दीहरू अधिकृत स्तरका, ४ तहदेखि ५ तहसम्मका सहायक स्तरका दरबन्दी र हेभी सवारी चालक, हलुका सवारी चालक र कार्यालय सहयोगीका पदहरूलाई तहविहिन पद भनिएको छ । शाखा प्रमुखमा अधिकृत ६, ७/८ का पदहरू रहन सक्ने व्यवस्था गरिएको छ ।

विद्यमान दरबन्दी अन्तर्गत स्वास्थ्य सेवाका बाहेक अधिकृत स्तरका ८, सहायक स्तरका २८ समेत ३६ वटा पदको स्वीकृत दरबन्दी देखिन्छ भने तहविहिन ६ गरी कूल ४२ कर्मचारी विद्यमान रहेको छ । विद्यमान स्विकृत दरबन्दीमा व्यवस्था नभएता पनि रोजगार संयोजक तथा सुचना प्रविधि अधिकृत करारमा कार्यरत रहेको पाइयो ।

हालसालै स्थानीय तहमा कर्मचारी दरबन्दीहरू समायोजन भएको र यस गाउँ कार्यपालिकाको कार्यालयमा अझैसम्म सबै पदहरूको सङ्ख्या स्पष्ट हुन नसकेको व्यहोरा यस कार्यालयको प्रशासन शाखाबाट जानकारी हुन आएको छ । नेपालको संविधानबाट स्थानीय तहको लागि निर्दिष्ट अधिकार, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको लागि तोकेको काम, कर्तव्य र अधिकार तथा वदलिँदो शासकीय स्वरुप अनुसार स्थानीय तहप्रतिको नागरिकको अपेक्षा एवं परिवर्तित शासकीय स्वरुपलाई व्यवस्थित गर्न आवश्यक साधन/स्रोत र सोको व्यवस्थानको लागि विद्यमान जनशक्ति पर्याप्त देखिँदैन । यस सन्दर्भमा सङ्ख्यात्मक एवं गुणात्मक रुपमा बढोत्तरी गर्नु जरुरी देखिन्छ ।

गाउँपालिकामा विभिन्न प्रकृतिका (संघीय सरकारबाट खटिने कर्मचारीहरू, स्थानीय सेवाका स्थायी र करार/ज्यालादारी (डोर हाजिरी) कर्मचारीहरू एवं समायोजन भई आएका) कर्मचारीहरू रहेका र कतिपय कर्मचारीहरूमा स्थानीय तहको कार्यक्षेत्र र यस तहबाट प्रदान गरिने सेवाको सम्वेदनशीलताप्रतिको पर्याप्त बोधको अभाव रहेको देखिन्छ भने उनीहरूमा कार्य उत्प्रेरणा र मनोवलको स्तर पनि पर्याप्त मात्रामा नरहेको अनुभूति गर्न सकिन्छ । हालसालै स्थानीय तहमा समायोजन भइ आएका कार्यालय र दरबन्दीको लागि अनुकूल हुने कार्यालय भवन, फर्निचर तथा अन्य उपकरणहरूको समेत अभाव भएको देखिन्छ ।

स्पष्ट कार्यविवरण, सङ्गठनको व्यवसायिक योजना एवं आवधिक योजनाको अभावमा कर्मचारीहरू बीच जिम्मेवारीको वितरण सन्तुलित किसिमले हुन सकेको देखिँदैन । कुनै कर्मचारीले अत्यन्त बोझिलो कार्यभार सम्हाल्नु परिरहेको अवस्था छ भने कुनै कर्मचारीले स्पष्ट जिम्मेवारी पाउन सकेका छैनन् । विद्यमान कर्मचारीहरू मध्ये के कति तालिम प्राप्त छन् र के कतिले तालिम पाउन सकेका छैनन् तथा निकट भविष्यमा कुन कर्मचारीलाई कस्तो तालिमको आवश्यकता छ भन्ने कुराको पनि एकीन भएको पाईँदैन । समग्रमा भन्नु पर्दा कर्मचारी विकास योजनाको अभाव देखिन्छ । यसर्थ पदगत आवश्यकतानुरुप तालिम/प्रशिक्षण/जनशक्ति विकासको पर्याप्त व्यवस्था गरिनु पनि उत्तिकै आवश्यक देखिन्छ ।

मंगला गाउँपालिकाको वर्तमान सङ्गठन संरचनाको अध्ययन गर्दा गाउँसभाले गठन गरेका समिति/उप—समितिहरू, अध्यक्ष तथा उप—अध्यक्ष तथा वहाँहरूको सचिवालयलाई सुव्यवस्थित बनाउन र सहयोग गर्नका लागि स्पष्टरुपमा निजी सहायकको व्यवस्था गरेको पाइंदैन । मौजुदा सङ्गठन संरचनामा अध्यक्ष प्रशासकीय अधिकृतको रेखदेख र नियन्त्रणमा ७ वटा शाखा, ५ वटा इकाई, १ वटा फाँट, ५ वटा वडा कार्यालय र स्वास्थ्य चौकी, प्राथमिक स्वास्थ्य केन्द्र र कृषि/पशुतर्फका तहहरूमा स्वास्थ्य चौकीहरू, कृषि सेवा केन्द्र एवं पशु सेवा केन्द्र रहेका छन् भने यस गाउँपालिका भित्र १ आयुर्वेद औषधालयको व्यवस्था भएता पनि कर्मचारी नरहेको अवस्था छ ।

गाउँपालिकाको जिम्मेवारी र कार्यक्षेत्र अनुरुप कार्यसम्पादन, समन्वय र सुपरीवेक्षण सुहाउँदो क्षमता विकासको लागि पहल अपर्याप्त रहेको छ । व्यवस्थापन सूचना प्रणाली समय—सापेक्षढङ्गले सुदृढ हुन नसकेको कारणबाट सेवा प्रवाहलाई चुस्त र भरपर्दो बनाउन नसकिएको, निर्णय प्रक्रिया छिटो—छरितो हुन नसकेको, संस्थागत स्मरणको अभाव खट्किएको र अभिलेख प्रणाली अद्यावधिक हुन नसकेको तथा सूचना प्रवाह प्रभावकारी बनाउन नसकिएको देखिन्छ । बार्षिक गाउँ विकास योजना तर्जुमा प्रक्रियालाई अझैबढी सहभागितामूलक बनाउन आवश्यक देखिएको छ । अनुगमन तथा मूल्याङ्कन संयन्त्र/प्रणाली सक्षम बनाइनु पर्ने छ ।

बिषयगत योजनाहरू सञ्चालनको लागि संस्थागत व्यवस्थापनको प्रयास भएता पनि कार्यान्वयन पक्ष अपेक्षित रुपमा प्रभावकारी हुन नसकेको देखिन्छ । समावेशी विकासका प्रयासहरू समय सापेक्षरुपमा पर्याप्त हुन सकेको छैन । आन्तरिक सञ्चार र निर्णय प्रक्रियामा समय—सापेक्ष सुधारको आवश्यकता देखिएको र सङ्गठन भित्र व्यवस्थापकीय नेतृत्व विकासका साथै जनशक्ति विकास योजना र सोको कार्यान्वयन जरुरी देखिएको छ ।

## २.२ कर्मचारीहरूको बृत्ति विकास विश्लेषण

बर्तमान अवस्थामा मंगला गाउँ कार्यपालिकाको कार्यालय बाबियाचौरमा रहेको छ । स्थानीय निर्वाचन पश्चात व्यवस्थापन गर्न परेको र संरचनाको हिसावले धेरै कर्मचारीहरू शाखारउपशाखा रहने भएकोले विविध पक्षहरूलाई समेट्नु परेकाले बिभिन्न किसिमका समस्याहरू आउनु अस्वभाविक होइन । जेष्ठनागरिक तथा अपाङ्गता भएका ब्यक्तिहरूले सेवा लिनु पर्ने शाखाहरू समेत अपाङ्गमैत्री नभएको अवस्था छ । यस गाउँपालिका कार्यालयकोलागि कार्य वातावरण र उपयुक्त कार्यकक्ष व्यवस्थापन सहितको सुविधा सम्पन्न आधुनिक भवन तयारीको लगभग अन्तिम अवस्थामा रहेको छ । भबिष्यलाई समेत दृष्टिकोण गरेर बनाइएको उक्त भवनले यी सबै कुराहरूको व्यवस्थापन गर्ने छ ।

गाउँपालिकाको पाँचै वटा वडा कार्यालयहरूको स्थलगत अवलोकन गर्दा सबै वडा कार्यालयहरूमा दुई पांग्रे सवारी साधन तथा अन्य अत्यावश्यक उपकरणहरू जस्तैः कम्प्युटर, ल्यापटप, प्रिन्टर एवं प्राविधिकहरूले प्रयोग गर्ने विभिन्न सामग्रीहरू रहेको देखिन्छ साथै सबै वडा कर्यालयहरूमा नागरिक बडापत्र रहेको पाइयो । अध्ययनका क्रममा मंगला गाउँपालिकाका कर्मचारीहरूको बृत्ति विकासमा देहाय बमोजिमको चुनौती रहेको पाइयोः

- यस गाउँपालिकाले हालसम्म आफ्नो संस्थागत क्षमता विकासको लागि एकीकृत कार्ययोजना तर्जुमाको पहल गरेको देखिएन । यो नयाँ गाउँपालिका भएको कारण गाउँपालिका स्थापना भएको वर्ष २०७४ असारमा सम्पन्न पहिलो गाउँसभाबाट स्वीकृत भए अनुसार आ.व. २०७४।७५ देखि मात्र गाउँस्तरीय वार्षिक कार्यक्रम स्वीकृत गरी कार्यान्वयनमा ल्याउन शुरु गरेको छ । विगत ४ वर्षको गाउँ सभाबाट पारित बजेट तथा कार्यक्रम अध्ययन गर्दा जनशक्तिको क्षमता विकासको लागि अलग कार्यक्रम र बजेटको व्यवस्था गरेको देखिएन । नयाँ ज्ञान, सीप, कौशलता विना ठूला ठूला सपना समेटिएका योजना तर्जुमा गर्ने परिपाटीबाट यो गाउँपालिका पनि अछुतो देखिदैन ।
- विभिन्न पद तथा श्रेणीमा कार्यरत कर्मचारीहरूको लागि कार्यविवरणमा उल्लेखित कार्य सम्पादनमा सहयोग पुग्ने खालका तालिम कार्यक्रमहरू गाउँसभाबाट अलग कार्यक्रमका रुपमा स्वीकृत गरी सञ्चालन भएको देखिएन ।

- केही अधिकृत तथा शाखाका जिम्मेवार कर्मचारीले राष्ट्रियस्तरमा विभिन्न तालिम तथा अध्ययन भ्रमणमा सहभागी हुने अवसर प्राप्त हुने गरेको भए पनि कर्मचारीले त्यस्तो अवसरलाई पूर्ण रूपमा कार्य सम्पादनमा उपयोग गर्न नसको ।
- समग्रमा कर्मचारीहरूको मूल्याङ्कन बस्तुपरख र यथार्थताका आधारमा हुने नगरेकोले काम प्रति समर्पित र कामै नगर्नेका बिचमा विभेद हुन नसक्दा पुरस्कार र दण्ड प्रणाली प्रभावकारी हुन सकेको छैन । कर्मचारीहरूलाई कामप्रति प्रोत्साहित तथा समर्पित हुन उत्प्रेरणा जगाउने प्रत्यक्ष तथा अप्रत्यक्ष कार्यक्रमहरूको अभाव रहेको छ । कर्मचारीले जुन पदको नियुक्ति पाउछन् सो पदमा रहि सम्पादन गर्नु पर्ने कार्य जिम्मेवारीका विषयमा कुनै पनि आधारभूत प्रशिक्षण वा अभिमुखीकरण विना आफैले सिकेर जानेर काम गर्नुपर्ने विद्यमान परिपाटीको कारण कर्मचारीलाई विषयवस्तुको पर्याप्त ज्ञान नहुने कारण दक्षता र सीप प्रभावकारी हुन सकेको पाइदैन ।
- विषय वस्तुको ज्ञान र विज्ञतासँग कार्यसम्पादनको तालमेल रहेको छैन । प्रायः सहायक कर्मचारीहरूले तोकिए अनुसार जुनसुकै शाखा वा जुनसुकै वडा कार्यालय रहि काम गर्नु पर्ने कारण सबै कर्मचारी सबै क्षेत्रको ज्ञाता हुनु पर्ने अवस्था विद्यमान रहेको देखिन्छ ।
- गाउँपालिकामा स्थानीय तहलाई तोकिएको जिम्मेवारी बहन गर्न सक्ने जनशक्तिको अभाव टड्कारो रुपमा खटकिएको छ । स्थानीय तहले स्थानीय सरकारको हैसियतमा काम गर्नु पर्ने जिम्मेवारी निर्वाह गर्न सो अनुरुप जनशक्ति योजना हुन सकेको छैन ।

## २.३ संस्थागत क्षमता विश्लेषण र चुनौती

### २.३.१ योजना स्वीकृति र कार्यान्वयनको अवस्था

गाउँपालिकाले सहभागितात्मक तथा समावेशी योजना तर्जुमा पद्धती अवलम्वन गर्दै आएको छ । गाउँपालिकाको वार्षिक योजना, कार्यक्रम तथा बजेट तर्जुमा गर्दा समुदाय स्तर, वडास्तर देखि गाउँपरिषद्सम्म आइपुग्दा योजना, कार्यक्रम तथा बजेट स्वीकृत प्रक्रियामा राजनैतिक दल, नागरिक समाज, महिला, दलित, आदिवासी, जनजाति, टोल विकास संस्था, वडा नागरिक मञ्च, विभिन्न संघ संस्था तथा सरोकारवालाहरूको सहभागिता रहने गरेको छ । सबैको सहभागितामा तर्जुमा भएको वार्षिक गाउँ विकास योजना अन्तर्गत स्वीकृत भएका योजना तथा कार्यक्रमहरूको कार्यान्वयनको जिम्मेवारी प्रचलित ऐन नियम कार्यविधि अनुसार उपभोक्ता समितिहरू तथा लक्षित वर्ग मार्फत हुदै आएको छ । योजना समझौता पछि उपभोक्ता समितिले योजना स्थलमा सूचना पाटी अनिवार्य रुपमा राख्नु पर्ने र योजना सम्पन्न भएपछि अन्तिम भुक्तानी पूर्व योजनाका संपूर्ण खर्च सार्वजनिक गरेको प्रमाण पेश गर्नु पर्ने सकारात्मक शुरुवात भएका छन् । पूर्वाधार विकासका योजनाहरूको लागि गाउँ सभाबाट तोकिए बमोजिमको प्रतिशतमा स्थानीय लाभग्राहीबर्गले जनसहभागिताको अंश जुटाउनु पर्ने प्रावधान रहेको छ ।

सम्बन्धित योजनाबाट लाभान्वीत हुने उपभोक्ताहरूको आम भेलाबाट सम्वन्धित वडा कार्यालय मार्फत गठन हुने उपभोक्ता समितिले योजना कार्यान्वयनको जिम्मेवारी वहन गर्ने गरेको छ । योजनाको प्रारम्भिक लागत अनुमान तयारी, कार्यान्वयनको सम्झौता, प्राविधिक रेखदेख, अनुगमन, मूल्याङ्कन, जाँचपास र फरफारक सम्मको चरणमा आवश्यक पर्ने सबै किसिमका आर्थिक, प्राविधिक, सामुदायिक सहयोग उपलब्ध गराउन गाउँपालिका कार्यालयबाट नै जिम्मेवारी निर्वाह हुने गरेको छ ।

सबै उपभोक्ता समितिले लाभग्राही वर्गको सहभागिता जुटाई गुणस्तरीय रुपमा पारदर्शी ढंगबाट योजना कार्यान्वयन गर्ने अपेक्षा राखिएको र सञ्चालन गरिएका योजना दीगो बन्ने र सोको प्रत्यक्ष लाभ आम उपभोक्ताले पाउने विश्वास गाउँपालिकाले राखेको भए पनि योजना कार्यान्वयनमा संलग्न उपभोक्ता समिति, प्राविधिक, समुदाय र राजनीतिक नेतृत्वलाई सम्वोधन हुने गरी जिम्मेवारी वहन, योजना कार्यान्वयनका आधार, जिम्मेवारी बाँडफाड तथा फरफारक जस्ता विषयहरू समेटेर योजना सञ्चालन तथा व्यवस्थापन विषयका आधारभूत अभिमुखीकरण कार्यक्रम सञ्चालन हुने गरेको पाइएन ।

### २.३.२ योजनाको अनुगमन

योजना कार्यान्वयन प्रभावकारी एवं परिमाणमुखी बनाउन अनुगमनको भूमिका महत्वपूर्ण छ । अनुगमनको मुख्य उद्देश्य योजना सञ्चालनमा देखिने कमी कमजोरी समयमै सुधार गरी योजनामा आउने कठिनाइहरू समाधानको लागि सहयोगी भूमीका निर्वाह गर्नु हो । योजनाको प्रकृति अनुसार योजना अनुगमनको कार्यतालिका र सूचकमा आधारित रहेर अनुगमन हुने गरेको पाइएन । अहिले गाउँपालिकाहरूबाट हुने अनुगमन वास्तवमा अनुगमन नभएर योजना सम्पन्न भई सके पछि गरिने निरीक्षण तथा सुपरिवेक्षणको रुप मात्र हो भन्न सकिन्छ ।

सञ्चालनमा रहेका योजनाको उपभोक्ताबाट हुने नियमित अनुगमन, नागरिक स्तरबाट हुने अनुगमन, प्राविधिक अनुगमन र विशेष टोलीको अनुगमनका अलावा कार्यविधिले निर्दिष्ट गरे बमोजिमका अनुगमन समिति जस्ता फरक फरक प्रकृतिका तहगत अनुगमन समितहरू क्रियाशील वनाउन सकिएको छैन । विशेषगरी लाभग्राही उपभोक्ता आफैले गर्ने अनुगमन सबै भन्दा प्रभावकारी हुने भएकोले योजनागत रुपमा निर्माण भएका नागरिक अनुगमन समितिहरूलाई सूचकमा आधारित अनुगमन विधिहरूका वारेमा अनुशिक्षण गरी योजना अनुगमन प्रभावकारी वनाइनु पर्ने र केहि नमूना योजना छनौट गरी तेश्रो पक्षको सहभागितामा सघन अनुगमन गरिनु उत्तम विकल्प हुन सक्छ । योजना तर्जुमा देखि फरफारक सम्मका सबै चरणहरूमा कार्यालयकै संलग्नताको कारण कामको विश्वसनीयता माथि प्रश्न चिन्ह उठन जानु स्वभाविक रहन्छ । अतः योजनाको प्रकृतिका आधारमा लागत तथा लाभको दृष्टिले ठूला तथा महत्वपूर्ण योजनाको वाह्य विज्ञको सेवा लिई अनुगमन गर्नु बढी फलदायी हुनेछ । योजना कार्यान्वयनको समयमै योजनाका प्रत्येक क्रियाकलाप अनुसार अनुगमन हुने सुनिश्चितताको लागि अनुगमन कार्ययोजना तयारी र अनुगमनको सूचक निर्धारण गर्न आवश्यक छ ।

### २.३.३ गाउँपालिकाको संस्थागत क्षमताका चुनौतीहरू

यस गाउँपालिकालाई सक्षम सबल र गतिशील गाउँपालिकाको रुपमा अगाडी बढाउन तथा आम गाउँवासीलाई गाउँपालिकाबाट उपलब्ध गराउनु पर्ने सेवा सुविधाहरू छिटो छरितो एवं प्रभाबकारी रुपमा उपलब्ध गराउन देखिएका प्रणालीगत र संस्थागत क्षमताका चुनौतीहरूको पहिचान निम्न बमोजिमका गरिएको छ ।

- नेपालले संघीय गणतान्त्रिक व्यवस्था अवलम्वन गरी देशलाई ७ प्रदेशमा विभाजित गरी संविधान जारी भए पछि स्थानीय सरकारको रुपमा काम गर्ने गरी स्थानीय तहको व्यवस्था नेपाल सरकारले कार्यान्वयनमा ल्याए पछि ७५३ स्थानीय तहको गठन पश्चात ७ वटा प्रदेश अन्तर्गतका स्थानीय तहको निर्वाचन भए पछि संस्थागत र संरचनागत रुपमा स्थानीय तह कार्यान्वयनमा आई सकेको छ । गण्डकी प्रदेश अन्तर्गत रहेको यस गाउँपालिकाको निर्वाचित प्रतिनिधिहरूको टीमले कार्यभार ग्रहण गरी कार्य सञ्चालन गरेको पनि ५ बर्ष हुन लागिसकेको अवस्थामा यो गाउँपालिकाको सङ्गठनात्मक, संरचनागत तथा प्रशासनिक सुधारको गति तीव्र बनाई श्रोत परिचालन तथा व्यवस्थापनमा सुधार, आवस्यक थप कानुन, कार्यविधि निर्माण,संस्थागत विकास र अन्य सामयिक विषयहरूमा गाउँपालिकाको ध्यान केन्द्रीत गर्नु पर्ने समय आएको छ ।
- लामो समय देखि निमित अध्यक्ष प्रशासकीय अधिकृतले जनप्रतिनिधीको अलमलमा स्थानीय स्वायत्त शासन ऐन तथा नियमावली अनुसार गाउँपालिका बोर्ड, गाउँ सभा र गाउँ अध्यक्षको समेत भूमीका निर्वाह गर्नुपर्दा योजना तर्जुमा, कार्यान्वयन, अनुगमन, नीति निर्माण, कार्यालय व्यवस्थापन, गुनासो सुनवाई, सङ्गठनात्मक सुधार, जनशक्ति व्यवस्थापन लगायतका जनप्रतिनिधिको भूमीका समेत निर्वाह गर्नु पर्दा विकास निर्माण र प्रशासकीय कार्यबोझको कारण गाउँपालिकाको कार्यदिशा व्यक्ति केन्द्रीत भई केही हदसम्म अलमलिएको जस्तो देखिन्छ ।
- नेपाल सरकारबाट मिति २०७४।२।१७ मा जारी स्थानीय तह सञ्चालन आदेश २०७४, विगतमा स्वीकृत कार्यविधिहरू र विभिन्न विनियमाली र निर्देशिकामा उल्लेखित सामाजिक एवं आर्थिक विकासका कार्यहरू सञ्चालन गर्न तथा बर्तमान माग र आवश्यकतालाई सम्वोधन गर्ने गरी सेवा प्रवाह गर्न स्थानीय तहको व्यवस्था लागु भएपनि सो अनुरुप गाउँपालिकाको कानुन, नियम, विनियम, कार्यविधि निर्माण हुन सकेको छैन ।

- निर्वाचित जनप्रतिनिधी विहीन अवस्था विगत लामो समय देखि निरन्तर रहेकोले गाउँपालिकामा राजनीतिक नेतृत्वसँग मिलेर निश्चित गन्तव्य र उपलब्धिको लागि काम गर्ने कर्मचारीको सोच र व्यवहारमा ज्यादै ठूलो खाडल उत्पन्न भएको कारण कर्मचारी प्रशासनको पद सोपान एवं नियन्त्रण र सन्तुलनमा देखिएको अवरोधको कारण Chain of Command को अवस्था कमजोर छ ।
- जसरी राष्ट्र विकासको लागि स्थीर सरकार पूर्व शर्त मानिन्छ त्यस्तै गाउँपालिकाको समग्र विकासको लागि स्थीर नेतृत्व अपरिहार्य हुन जान्छ । निर्वाचित जनप्रतिनिधि ५ वर्षको लागि निर्वाचित हुने भएकोले गाउँपालिकाले तर्जुमा गरेका गुरुयोजना, आवधिक योजना तथा नीतिहरू कार्यान्वयन गर्ने, समीक्षा गर्ने, परिमार्जन गर्ने, जस अपजस लिने र जनता प्रति जवाफदेहीताको नैतिक जिम्मेवारी वहन गर्नु पर्ने हुन्छ । तर अध्यक्ष प्रशासकीय अधिकृत नेपाल सरकारको ईच्छा र निर्णयानुसार खटी आउने भएकोले वर्षै पिच्छे अध्यक्ष प्रशासकीय अधिकृत फेरबदल भई रहने हुँदा गाउँपालिकाले तर्जुमा गरेका आवधिक योजना एवं नीतिगत र संस्थागत सुधारका कुराहरू दस्तावेजमा सीमीत हुन पुगेका छन् । यसको स्वामित्व ग्रहण तथा जिम्मेवारी वहनबाट सङ्गठन पूरै विमुख भएको प्रायः भेटिन्छ ।
- देशमा विगत देखि भई रहेको राजनीतिक परिवर्तन, कोभिड १९ को महामारीले निम्त्याएको सङ्कट, द्रुतगतिमा भएको सूचना प्रविधिको विकास र सोसल मिडियामा आम जनताको सहज पहूँचको कारण समाजको परम्परागत धारणा र सोचमा पनि आमूल परिवर्तन ल्याएको महसुस गर्न सकिन्छ । अब सार्वजनिक तहहरूले आफुलाई जनताको चाहना र माग सम्वोधन गर्न सक्ने हैसियतमा उभ्याउनका लागि समयानुकुल प्राविधिक ज्ञान आर्जन गर्ने र परिवर्तनको वेगमा वग्न सक्ने गरी सेवा प्रवाहमा पनि समय र प्रविधिको परिवर्तनलाई ग्रहण गर्न सक्ने क्षमता विकास गर्नु अपरिहार्य भएको छ ।
- गाउँपालिका एक स्वशासित तथा सङ्गठित संस्था भएपनि आन्तरिक आम्दानीको ठूलो हिस्सा तलव भत्ता तथा प्रशासनिक शिरोभारमा खर्च भई रहेको अवस्था विद्यमान देखिन्छ । गाउँपालिकाको विकास निर्माणको लागि आवश्यक श्रोत साधनको मूल आधार केन्द्रिय अनुदान रहेबाट पनि गाउँपालिका आर्थिक रुपमा परनिर्भर भएसम्म कानूनी रुपमा स्वशासित भएपनि व्यवहारमा स्वशासित हुन सक्दैनन्। अतःआन्तरिक श्रोतसाधनको बर्तमान संभावनामा आधारित श्रोत प्रक्षेपण गर्ने, राजस्व प्रशासनलाई सवल र गतिशील बनाउन नीतिगत र व्यवहारमा पहल गरेको अवस्था पाइएन । राजस्व प्रशासन शाखाको सुदृढीकरण गर्ने र सो अनुरुपका् दक्ष जनशक्तिको व्यवस्थापन पक्ष कमजोर रहेको देखिन्छ।
- गाउँपालिकामा गाभिनु पूर्व गाविस कार्यालयहरूबाट लिइने कर राजस्वका दर तथा स्थानीय कतिपय सेवाहरू प्राप्त गर्न धेरै कठिनाई नरहेको र सङ्गठन पनि सानो भएको अवस्थाले अहिले रुपान्तरित गाउँपालिकाबाट प्रदान गरिएका सेवा तथा कर राजस्वका दर र दायरामा आएको परिवर्तनलाई सेवा र सुविधासँग आवद्ध गर्न नसक्दा जनताको धारणा उत्साहजनक छ भन्न सकिन्न । यस्तो अवस्थामा स्थानीय तह कार्यान्वयन भएसँगै वडा कार्यालयहरू सेवा केन्द्रको रुपमा क्रियाशील हुनको लागि न्यूनतम जनशक्ति र सुविधाहरू उपलब्ध हुने र तोकिए वमोजिम सेवाहरू प्रवाह हुने सुनिश्चित हुनु जरुरी छ ।
- कार्य जिम्मेवारी र कार्यबोझको यथार्थ विश्लेषण हुन सकेको देखिदैन । प्रत्येक बर्ष कामको मात्रा र चाप बढ्दै गएकोले जनशक्ति नपुग भएको भनिए पनि वास्तवमा कुन कामको लागि कस्तो दक्षता र योग्यता भएको जनशक्ति नपुग भएको हो सोको अध्ययन र तर्कपूर्ण लेखाजोखा भएको पाइदैन ।
- नयाँ गाउँपालिकाहरूको वार्षिक आयव्ययको आ.ले.प. जिल्ला समन्वय समितिको आ.ले.प.शाखाबाट हुने व्यवस्था गरिएको छ । गाउँ कार्यपालिका कार्यालयले आन्तरिक लेखापरिक्षणको कार्य, यस्को महत्व र आफ्नो भूमीका प्रभावकारी बनाउन सकेको पाइदैन । गाउँपालिकाबाट हुने विभिन्न शिर्षक अन्तर्गत गरिने सेवा तथा बस्तुको भुक्तानी दिदा पूर्व लेखापरिक्षण गरेर मात्र गर्ने पद्धती स्थापना गर्न सकेको छैन ।
- गाउँपालिकाको सङ्गठन संरचना, क्षमता विकास जस्ता विषयको अध्ययन गाउँपालिकाको आवश्यकता र कर्मचारीको भावनालाई प्रतिविम्वित गर्ने किसिमको हुन नसकेकोले यस्ता खाले अध्ययन प्रतिवेदन मागलाई

सम्वोधन गर्ने भन्दा पनि आपूर्ती पक्षबाट ल्याइने गरेको आम कर्मचारीहको बुझाई रहेको कारण उनीहरूमा यस प्रति उत्साह देखिदैनन् ।

- कार्यालय भित्र आन्तरिक संचार तथा व्यवस्थापनको पक्ष पनि कमजोर रहेको कर्मचारीहरू नै स्वीकार गर्दछन् । मासिक बैठक नियमित रुपमा हुने नगरेको, बैठक भए पनि सो बैठकमा सहायक कर्मचारीहरूको भूमीका प्रभावकारी देखिएको छैन । सेवा प्रवाहको काममा छिटो, छरितोपन तथा प्रभावकारिता ल्याउन ईमेल ईन्टरनेट, वेभसाईट, कम्प्युटर, फ्याक्स मेसिन जस्ता बिद्युतीय प्रणालीबाट संचालित उपकरणहरूको प्रयोगमा एकरुपता ल्याउन आवश्यक सुविधा तथा सेवा विस्तार नभएको कारण सेवा प्रबाहमा जटीलता छ ।
- यस गाउँपालिकाले आफ्नो सङ्गठन भित्रका शाखा, उपशाखाको कार्यक्षेत्र तथा कार्य जिम्मेवारी निर्वाह गर्ने सबै कर्मचारीले गर्नु पर्ने कामको कार्यविवरण सहितको स्पष्ट कार्य जिम्मेवारी तोकेको देखिन आएन । मन्त्रालयबाट जारी सञ्चालन आदेश कार्यान्वयनमा ल्याएको भए पनि कानुन र कार्यविधिको अभावमा स्थानीय स्वायत्त शासन ऐन, नियममा टेकेर परम्परागत रुपमा कामहरू सम्पादन हुँदै आएको अवस्था रहेको छ ।

# परिच्छेद — तीनः क्षमता विकास योजनाको तर्कसङ्गत खाका

## ३.१ शासकीय प्रवन्ध

**तालिका ३ः क्षमता विकासको तर्कसङ्गत ढाँचा १- नीति निर्माण**

| उद्देश्य | व्याख्या | सूचक | प्रमाणका आधारहरू | जोखिम |
|---|---|---|---|---|
| **लक्ष्यः गाउँपालिकालाई दैनिक कामकाजकालागि आवस्यक आधारभूत कानुन, ऐन, नीति तथा कार्यविधिहरू तर्जुमा हुनेछन् ।** | | | | |
| **नतिजा १ शासकीय प्रवन्ध** | गाउँपालिकाको शासकीय प्रवन्ध पारदर्शी, उत्तरदायी, तथा सक्षम भएको हुनेछ | हालको शासकीय प्रवन्ध सम्वन्धि प्राप्ताङ्कमा सुधार भएको हुनेछ । | वेभसाईट, स्वमूल्याङ्क प्रतिवेदन, स्थानीय राजपत्रको प्रति | विपद् तथा महामारी |
| **उपलव्धी १.१** | **सबै कानुन राजपत्रमा प्रकाशन भएको हुनेछ** | **आवश्यक सबै कानुन प्रकाशन गरिएको हुनेछ** | **राजपत्र कपी, वेभसाईट, सूचना पाटी** | **महामारी** |
| १.१.१ | कानुनहरूलाई राजपत्रमा प्रकाशन गर्नका लागि अल्पकालीन सम्पर्क व्यक्ति तोक्ने | अधिकृतस्तरको कर्मचारीलाई कार्यजिम्मेवारी प्रदान गरिनेछ | पत्र, कार्यपालिकाको निर्णय, कानुन सम्वन्धि कार्यदलको माइन्युट | विपद् तथा महामारी |
| १.१.२ | कानुनहरूलाई राजपत्रमा प्रकाशन गर्ने कार्यका लागि कार्यदल गठन गर्ने | सामाजिक विकास अधिकृतको संयोजकत्वमा कार्यदल गठन गरिएको हुनेछ | पत्र, कार्यपालिकाको निर्णय, कार्यदलको बैठकको माइन्युट आदि | विपद् तथा महामारी |
| **उपलव्धी १.२** | **गाउँ सभा/कार्यपालिकासञ्चालन समिति उपसमिति तथा विषयगत समितिहरूको कार्यविधि निर्माण भएको हुनेछ** | **आवश्यक सबै कार्यविधि कार्यपालिका तथा गाउँ सभाबाट पारित भएको हुनेछ** | **वेभसाईट, कार्यपालिकाको बैठक पुस्तिका निर्णय, सूचना पाटी** | विपद् तथा महामारी |
| १.२.१ | गाउँ सभा/कार्यपालिका सञ्चालन समिति/उपसमिति तथा विषयगत समितिहरूको कार्यविधि निर्माण गर्ने | आवश्यक कार्यविधिहरू कार्यपालिकातथा गाउँ सभाबाट पारित भएको हुनेछ | वेभसाईट, कार्यपालिकाको बैठक पुस्तिका निर्णय, सूचना पाटी | विपद् तथा महामारी |
| १.२.२ | गाउँ सभा सञ्चालन कार्यविधिको वारेमा अनुशिक्षण गर्ने | गाउँ सभाका पदाधिकारीहरूलाई कार्यविधिको वारेमा अभिमुखिकरण गरिने छ | अभिमुखिकरण माईन्युट, सुशासन वुलेटिन, सूचना पाटी आदि | बजेट अभाव |
| १.२.३ | कार्यपालिकाका सदस्यहरूलाई कार्यविधिको वारेमा अनुशिक्षण गर्ने | कार्यपालिकाका पदाधिकारीहरू कार्यविधिको वारेमा जानकार भएका हुनेछन् | अभिमुखिकरण माईन्युट | बजेट अभाव |
| १.२.४ | विषयगत समितिको कार्यविधिको अनुशिक्षण कार्यक्रम | विषयगत समितिका पदाधिकारीहरूलाई कार्यविधिको वारेमा अनुशिक्षण दिइने छ | अभिमुखिकरण माईन्युट | बजेट अभाव |
| **उपलव्धी १.३** | **गाउँपालिकाको आन्तरिक नियन्त्रण प्रणाली सुदृढ भएको हुनेछ** | **गाउँपालिकाले अनुगमन, सार्वजनिक सुनुवाई, सा.प., सार्वजनिक परीक्षण, आलेप सम्वन्धि गरी ५ वटा निर्देशिका तथा सुशासन वुलेटिन प्रकाशन गरेको हुनेछ** | **वेभ साईट, सूचना पार्टी, सुशासन वुलेटिन, कार्यपालिका बैठक निर्णय आदि** | **महामारी** |

| उद्देश्य | व्याख्या | सूचक | प्रमाणका आधारहरू | जोखिम |
|---|---|---|---|---|
| १.३.१ | अनुगमन समिति तथा कर्मचारीहरूलाई अनुगमन निर्देशिकाको वारेमा अनुशिक्षण गर्ने | अनुगमन निर्देशिकाको वारेमा अनुशिक्षण गरिएको हुनेछ | अनुशिक्षण माईन्युट, वुलेटिन | बजेट अभाव |
| १.३.२ | अनुगमन प्रतिवेदन सामुहिक छलफल अभ्यास शुरु गर्ने | गाउँपालिकाका कर्मचारी, अनुगमन समितिका पदाधिकारी, उपभोक्ता समिति तथा लाभान्वित वर्गको वीचमा वर्षमा ३ वटा बैठक सञ्चालन गरिनेछ | बैठक माईन्युट, सुशासन वुलेटिन | बजेट अभाव |
| १.३.३ | अनुगमन समितिको प्रतिवेदन गाउँपालिकाको वेभ साईटमा राख्ने | अनुगमन समितिको हरेक महिनाको प्रतिवेदन वेभसाईटमा राखिएको हुनेछ | वेभ साईट | महामारी |
| १.३.४ | चौमासिक रुपमा सार्वजनिक सुनुवाई गरी प्रतिवेदन तयार गर्ने | वर्षमा ३ वटा सार्वजनिक सुनुवाई कार्यक्रम गरिएको हुनेछ | सार्वजनिक सुनुवाईको प्रतिवेदन, वेभसाईट | महामारी |
| १.३.५ | गाउँपालिकाको सामाजिक परीक्षणको वार्षिक प्रतिवेदन तयार पार्ने | वर्षमा १ पटक सामाजिक परीक्षण गरिएको हुनेछ | सामाजिक परीक्षण प्रतिवेदन, वेभसाईट | महामारी |
| १.३.६ | गाउँपालिकाको सूचना पाटीलाई व्यवस्थित गर्ने | व्यवस्थित सूचना पाटीको निर्माण गरिनेछ | सूचना पाटीको फोटो, प्रतिवेदन | |
| १.३.७ | स्थानीय सुशासन वुलेटिन प्रकाशन गर्ने | अर्धवार्षिक रुपमा सुशासन वुलेटिन प्रकाशन गर्नेछ | वुलेटिनको कपी, वेभसाईट | बजेट अभाव |
| १.३.८ | उपभोक्ता समितिहरूलाई सार्वजनिक परीक्षण निर्देशिकाको वारेमा अभिमुखिकरण गर्ने | हरेक वर्ष उपभोक्ता समितिका पदाधिकारीहरूलाई सार्वजनिक परीक्षण निर्देशिकाको वारेमा अनुशिक्षण गरिने छ | अभिमुखिकरण माईन्युट, वेभसाईट | बजेट अभाव |
| १.३.९ | सार्वजनिक परीक्षणको गुणस्तर लेखाजोखा गर्ने | हरेक वर्ष सार्वजनिक परीक्षणको गुणस्तर लेखाजोखा गरिने छ | अभिमुखिकरण माईन्युट, वेभसाईट | बजेट अभाव |
| १.३.१० | आलेप शाखाको कर्मचारीलाई तालिमको व्यवस्था गर्ने | आलेप शाखाको १ जना कर्मचारीलाई तालिम | अभिमुखिकरण माईन्युट, वेभसाईट | बजेट अभाव |
| १.३.११ | गाउँपालिकातथा सबै वडा कार्यालयहरूको चौमासिक रुपमा आलेप गर्ने | गाउँपालिका र वडा कार्यालय सबैको आलेप हरेक चौमासिकमा गरिने | आन्तरिक परीक्षण प्रतिवेदन | |
| १.३.१२ | आलेप प्रतिवेदन गाउँसभा तथा कार्यपालिकाको बैठकमा पेश गर्ने | आलेपको संयुक्त प्रतिवेदन गाउँसभामा (वर्षमा १ पटक) पेश गरिने छ | आलेप प्रतिवेदन, गाउँसभाको निर्णय | महामारी |
| १.३.१३ | शाखा प्रमुखहरूले मासिक कार्ययोजना तथा प्रगति प्र.प्र.अ.अधिकृतलाई पेश गर्ने | सबै शाखाहरूले मासिक रुपमा कार्ययोजना तथा प्रगति प्रतिवेदन प्र.प्रअ.लाई वुझाउने छन् | कर्मचारीहरूको मासिक बैठक माइन्युट | महामारी |
| १.३.१४ | शाखा प्रमुखहरूको मासिक बैठक सञ्चालन गर्ने | शाखा प्रमुखको बैठक मासिक रूपमा बस्नेछ | कर्मचारीहरूको मासिक बैठक माइन्युट | महामारी |

| उद्देश्य | व्याख्या | सूचक | प्रमाणका आधारहरू | जोखिम |
|---|---|---|---|---|
| १.३.१५ | वडा सचिवहरूले मासिक कार्ययोजना तथा प्रगति प्र.प्र.अ.लाई पेश गर्ने | वडा सचिवहरूले मासिक कार्ययोजना तथा प्रगति विवरण लिखित रुपमा प्र.प्रअ.लाई वुझाउने छन् | कर्मचारीहरूको मासिक बैठक माइन्युट | महामारी |
| १.३.१६ | वडा सचिव तथा गाउँपालिकाका कर्मचारीहरूको द्विमासिक बैठक सञ्चालन | वडा सचिवहरूको बैठक मासिक रूपमा बस्नेछ | कर्मचारीहरूको मासिक बैठक माइन्युट | महामारी |
| **उपलव्धी १.४** | **सबै कानुनहरूको एकिकृत दस्तावेज तयार भएको हुनेछ** | **सबै कानुनहरूको एकिकृत संग्रह तयार गर्नेछ** | **एकिकृत संग्रहको कपी, वेभ साईट** | **बजेट अभाव** |
| १.४.१ | सबै कानुनहरूको एकिकृत पुस्तिका निर्माण गर्ने | एकिकृत कानुन संग्रह तयार भएको हुनेछ | एकिकृत संग्रहको कपी, वेभ साईट | बजेट अभाव |
| १.४.२ | सबै कानुनहरूको एकिकृत पुस्तिका वेभसाईटमा प्रकाशन गर्ने | वार्षिक रुपमा प्रकाशित एकिकृत ऐन संग्रह वेभसाईटमा राखिने छ | एकिकृत संग्रहको कपी, वेभ साईट | बजेट अभाव |
| **उपलव्धी १.५** | **सबै कानुनहरूलाई सार्वजनिकरण गरिएको हुनेछ** | **गाउँपालिकाले निर्माण गरेको कानुनहरूको कम्तिमा ३०० जना सरोकारवालाहरू जानकार हुनेछन्** | **अभिमुखिकरण माइन्युट, फेसवुक पेज, वेभसाईट** | |
| १.५.१ | राजपत्रमा प्रकाशित सबै कानुनहरू वेभसाइटमा राख्ने | सबै कानुनहरू वेभसाईटमा उपलव्ध भएको हुनेछ | वेभसाईट | |
| १.५.२ | राजपत्रमा प्रकाशन गर्न वाँकी सबै कानुनहरू वेभसाईट, फेसवुक पेजमा राख्ने | राजपत्रमा प्रकाशन गर्न वाँकी सबै कानुन वेभसाईट अध्यावधिक गरिएको | वेभसाईट | |
| **उपलव्धी १.६** | **सबै नीतिहरूलाई आवधिक योजना, गुरुयोजना वार्षिक योजना आदिमा मूलप्रवाहीकरण गरिएको हुनेछ** | **आवधिक योजना, गुरुयोजना, वार्षिक योजना बनेको हुनेछ** | **आवधिक योजना, गुरुयोजना, वार्षिक योजना** | **बजेट अभाव** |
| १.६.१ | सबै नीति नियमहरूको विश्लेषित साराँश रुप तयार गर्ने | सबै नीतिहरूको सांरांश कपी तयार भएको हुनेछ | पपुस्तिका | बजेट अभाव |
| १.६.२ | नीति अनुसार वजेटको विश्लेष्ण प्रतिवेदन तयार गर्ने | विश्लेषण प्रतिवेदन तयार गरिनेछ | प्रतिवेदन | बजेट अभाव |
| **उपलव्धी १.७** | **सबै नीतिहरूमा लैससास नीतिलाई मूलप्रवाहीकरण गरिएको हुनेछ** | **गाउँपालिकाकोलैससास नीति तयार भएको हुनेछ** | **नीति** | **बजेट अभाव** |
| १.७.१ | लैससास नीतिको वारेमा अभिमुखिकरण गर्ने | लै.स.सा.स.नीतिको कर्मचारी, जनप्रतिनिधिहरू लाई अनुशिक्षण गरेको हुनेछ | अनुशिक्षण प्रतिवेदन | बजेट अभाव |
| १.७.२ | लैससास सम्वन्धि संयन्त्रहरू निर्माण गर्ने | गाउँपालिका तथा वडास्तरीय लैससास समिति गठन भएको हुनेछ | समिति गठन माइन्युट, बैठक माइन्युट, सुशासन वुलेटिन | |
| १.७.३ | लैससास सम्वन्धि संयन्त्रहरूलाई परिचालन गर्ने | गाउँपालिका तथा वडास्तरीय ६ वटा लैससास संयन्त्र सक्रिय भएको हुनेछ | समिति गठन माइन्युट, बैठक माइन्युट, सुशासन वुलेटिन | |
| **उपलव्धी १.८** | **लैससास निर्देशिकाको वारेमा गरिएको अनुशिक्षणले योजनाहरूमा यसको मूलप्रवाहीकरणमा सहयोग पुग्नेछ** | **पदाधिकारी, कर्मचारी तथा सरोकारवालाहरू लाई लैससास निर्देशिकाको वारेमा जानकारी भएको हुनेछ** | **अभिमुखिकरण माईन्युट** | **बजेट अभाव** |

| उद्देश्य | व्याख्या | सूचक | प्रमाणका आधारहरू | जोखिम |
|---|---|---|---|---|
| १.८.१ | लैससास निर्देशिका अभिमुखिकरण गर्ने | गाउँपालिकाका १५ जना कर्मचारीहरूलाई लैससास निर्देशिकाको वारेमा जानकारी भएको हुनेछ | अभिमुखिकरण माईन्युट | बजेट अभाव |
| १.८.२ | लैससास कार्यविधिको अभिमुखिकरण गर्ने | गाउँपालिकाका १५ जना पदाधिकारीहरूलाई लैससास निर्देशिकाको वारेमा जानकारी भएको हुनेछ | अभिमुखिकरण माईन्युट | बजेट अभाव |
| १.८.३ | प्रकाशित सबै कानुनहरूको वारेमा सबै सरोकारवालाहरूलाई अभिमुखिकरण गर्ने | गाउँपालिकाका सीमान्तकृत १५ जनालाई लैस[illegible] निर्देशिकाको वारेमा अभिमुखिकरण गरिएको हुनेछ | अभिमुखिकरण माईन्युट | बजेट अभाव |

## ३.२ सङ्गठन तथा प्रशासन

**तालिका ४: क्षमता विकासको तर्कसङ्गत ढाँचा २- सङ्गठन तथा प्रशासन**

| उद्देश्य | व्याख्या | सूचक | प्रमाणका आधारहरू | जोखिम |
|---|---|---|---|---|
| **लक्ष्यः गाउँपालिकामा रहेका मानवीय, आर्थिक, सामाजिक, पूंजीगत श्रोतसाधनहरूको उच्चतम प्रयोगबाट जनताको जीवनमा गुणस्तरीय परिवर्तन आउने छ** | | | | |
| **नतिजा २ सङ्गठन तथा प्रशासन** | सङ्गठन तथा प्रशासन कार्य पारदर्शी, उत्तरदायी, सवल तथा सक्षम भएको हुनेछ | गाउँपालिकाको हालको शासकीय प्रवन्ध सम्वन्धि प्राप्ताङ्कमा उल्लेख्य वृद्धि भएको हुनेछ | वेभसाईट, स्थानीय सुशासन वुलेटिन, स्वमूल्याङ्कन प्रतिवेदन | महामारी |
| **उपलव्धी २.१** | **क्षमता विकास योजना तर्जुमा भई सबै तहतप्काको क्षमता विकास भएको हुनेछ** | **क्षमता विकास योजना कार्यपालिका तथा गाउँसभाबाट पारित गरिनेछ** | **कार्यपालिका तथा सभाको निर्णय, क्षमता विकास योजना पुस्तिका, वेभ साईट** | **महामारी** |
| २.१.१ | स्थानीय सेवा व्यवस्थापन सम्वन्धि नेपाल सरकारको नीति, मापदण्ड, सेवा शर्त आदिको विषयमा कर्मचारीहरूलाई अभिमुखिकरण गर्ने | गाउँपालिकाका कर्मचारी तथा पदाधिकारीहरू सबैले अभिमुखिकरण कार्यक्रममा भाग लिएका हुनेछन् | अभिमुखिकरण प्रतिवेदन | बजेट अभाव |
| २.१.२ | सङ्गठन तालिका सार्वजनिक गर्ने | गाउँपालिकाको सङ्गठन तालिकाहरू प्रकाशित गरिएको हुनेछ | सङ्गठन तालिका | |
| २.१.३ | गाउँपालिकाको मानव संसाधन विकास सम्वन्धि अल्पकालीन तथा दीर्घकालीन नीति बनाउने | गाउँपालिकाको मानव संसाधन सम्वन्धि नीतिको वारेमा निर्णायक पदमा काम गर्ने कर्मचारी तथा पदाधिकारीहरूलाई जानकारी भएको हुनेछ | नीति | महामारी |

| उद्देश्य | व्याख्या | सूचक | प्रमाणका आधारहरू | जोखिम |
|---|---|---|---|---|
| २.१.४ | हरेक शाखाको कार्यविवरण, अपेक्षित उपलव्धी, कार्यसम्पादन मापनका आधार तयार गर्ने | गाउँपालिकाका शाखाहरूको कार्यविवरण तयार भएको हुनेछ | कार्यपालिकाको निर्णय, शाखा अध्यक्षहरूको बैठकको निर्णय प्रति | महामारी |
| २.१.५ | पदाधिकारी तथा कर्मचारीहरूलाई कार्यसम्पादन सम्झौता अभिमुखिकरण | सबै शाखा प्रमुख, प्र.प्र.अ.लाई अभिमुखिकरण गरिनेछ | कार्यपालिकाको निर्णय, शाखा प्रमुख हरूको बैठकको निर्णय प्रति तथा अभिमुखिकरण निर्णय माइन्युट | महामारी |
| २.१.६ | प्र.प्र.अ. शाखा प्रमुखहरू तथा वडा सचिवहरू मध्ये सबै भन्दा वढी उपस्थित हुनेलाई पुरस्कृत गर्ने | गाउँ सभाबाट हरेक वर्ष २ जना पुरस्कृत भएका हुनेछन् | कर्मचारी हाजिरी | महामारी |
| २.१.७ | गाउँपालिकाभित्र भएका पत्रकार तथा पत्रकार वन्न चाहने व्यक्तिहरूलाई पत्रकारिताको तालिम आयोजना गर्ने | कम्तिमा १० जनाले पत्रकारिताको तालिम लिएका हुनेछन् | तालिम प्रतिवेदन | बजेट अभाव |
| २.१.८ | गै.स.स.हरूको पाश्र्वचित्र तयार गर्ने | पाश्र्वचित्रमा पालिकामा कृयाशिल सबै गै.स.स.हरूको विवरण प्रकाशन गरिनेछ | पाश्र्वचित्र तथा सो सम्वन्धि बैठकका माइन्युटहरू | महामारी |
| २.१.९ | गैससहरूसँगको बैठक वस्ने | वर्षिकरूपमा २ वटा बैठक सम्पादन गरिनेछ | बैठकको माइन्युट | महामारी |
| २.१.१० | जनशक्ति क्षमता विकासमा वजेट विनियोजन गर्ने | कुल वजेटको कम्तिमा १ प्रतिशत वजेट जनशक्ति विकासमा लगानी गरिनेछ | वार्षिक वजेट तथा खर्चको प्रतिवेदन | बजेट अभाव |
| २.१.११ | गाउँपालिकाको सेवा प्रवाहको मापदण्ड तयार पार्ने | गाउँपालिकाले प्रवाह गर्ने सेवाहरूको मापदण्ड तयार भएको हुनेछ | निर्धारित सेवाका मापदण्ड तथा सूचकहरू, वेभसाईट, मापदण्डको पालना सम्वन्धि समीक्षा प्रतिवेदन | महामारी |
| २.१.१२ | उपभोक्ता हकहितको वारेमा अभिमुखिकरण | गाउँपालिकाले उपभोक्ता हक हितको विषयमा अभिमुखिकरण गरेको हुनेछ | उपभोक्ता हक हित संरक्षण सम्वन्धि तालिम प्रतिवेदन | बजेट अभाव |
| २.१.१३ | एफ.एम.रेडियो सम्वन्धि नीतिको वारेमा | एफ.एम.रेडियो सञ्चालक तथा रेडियो कार्यक्रम | अभिमुखिकरण प्रतिवेदन | बजेट अभाव |

| उद्देश्य | व्याख्या | सूचक | प्रमाणका आधारहरू | जोखिम |
|---|---|---|---|---|
| | एफ.एम.रेडियोलाई अभिमुखिकरण गर्ने | सञ्चालन गर्न चाहाने व्यक्तिहरूलाई अभिमुखिकरण गरिएको हुनेछ | | |
| २.१.१४ | जिल्ला समन्वय समितिसँग प्रशासन सम्वन्धि विषयमा समन्वय तथा सहकार्य गर्ने | गाउँपालिकाको प्रशासन शाखा र जिल्ला समन्वय समितिको वीचमा सूचना आदान प्रदान भएको हुनेछ | सूचना आदान प्रदानको प्रतिवेदन | महामारी |
| २.१.१५ | भाषा, संस्कृति सम्पदा र ललितकला हेर्ने शाखा, कर्मचारी स्पष्ट रुपमा तोक्ने तथा सम्वन्धि सरोकारवालाहरूलाई सो सम्वन्धमा अभिमुखिकरण गर्ने | पालिकाभित्र रहेको संस्कृति, सम्पदा आदिको वारेमा विस्तृत जानकारी प्रतिवेदन तयार भएको हुनेछ | अभिमुखिकरण प्रतिवेदन | बजेट अभाव |
| २.१.१६ | पुरातत्व, प्राचीन स्मारक र संग्रालयको संरक्षण, सम्भार, प्रवर्द्धन र विकासको कार्ययोजना | कार्ययोजना बनेको हुनेछ | कार्ययोजना | बजेट अभाव |
| २.१.१७ | परंपरागत जात्रा तथा पर्वहरूको दस्तावेज तयार गरी वेभसाईटमा राख्ने | दस्तावेज तयार भएको हुनेछ | वेभसाईट | बजेट अभाव |
| २.१.१८ | पर्यटकीय रुपमा महत्वपूर्ण स्थानहरूको पुस्तिका तयार गर्ने | पुस्तिका तयार भएको हुनेछ | पुस्तिका | बजेट अभाव |
| २.१.१९ | गाउँपालिकामा पर्यटन हेर्ने शाखाको स्थापना तथा पर्यटकीय स्थानहरूको महत्वको वारेमा जनसमुदायमा चेतना अभिवृद्धि गर्ने | शाखाको कार्यविवरण, पर्यटकीय स्थलहरूको महत्वको वारेमा जनसमुदायमा चेतना अभिवृद्धि भएको हुनेछ | गाउँ कार्यपालिकाको निर्णय, अभिमुखिकरण प्रतिवेदन | बजेट अभाव |
| २.१.२० | गुनासो सुन्ने परिपाटीको विकास गर्ने | गुनासो पेटिकाको प्रयोगमा जोड | गुनासो पेटिका फोटो | महामारी |
| २.१.२१ | टोल विकास संस्थाको गठन गर्ने | (टो.वि.स) सबै वडाहरूमा टोल विकास संस्थाको वठन भएको हुनेछ | संस्था गठन माइन्युट | महामारी |
| २.१.२२ | टोविसहरूको काम, कर्तव्यको वारेमा अभिमुखिकरण | गाउँपालिकाका सबै टो.वि.स.हरूलाई अभिमुखिकरण गरिने छ | अभिमुखिकरण माइन्युट | बजेट अभाव |

**३.३ वार्षिक वजेट तथा योजना व्यवस्थापन**

**तालिका ५: क्षमता विकासको तर्कसङ्गत ढाँचा ३ - वार्षिक वजेट तथा योजना व्यवस्थापन**

| उद्देश्य | व्याख्या | सूचक | प्रमाणका आधारहरू | जोखिम |
|---|---|---|---|---|

| | | | | |
|---|---|---|---|---|
| **लक्ष्यः गाउँपालिकाको रहेका मानवीय, आर्थिक, सामाजिक, पूंजीगत श्रोतसाधनहरूको उच्चतम प्रयोगबाट जनताको जीवनमा गुणस्तरीय परिवर्तन आउने छ** | | | | |
| **नतिजा ३ वार्षिक वजेट तथा योजना व्यवस्थापन** | गाउँपालिकाको वार्षिक वजेट तर्जुमा तथा योजना व्यवस्थापन प्रक्रिया पारदर्शी, उत्तरदायी, तथा सक्षम भएको हुनेछ | गाउँपालिकाको हालको वार्षिक वजेट तथा योजना व्यवस्थापन सम्वन्धि प्राप्ताङ्कमा वृद्धि हुनेछ | वेभसाईट, स्वमूल्याङ्कन प्रतिवेदन | महामारी |
| **उपलव्धी ३.१** | **गाउँपालिकाको आवधिक योजना तथा गुरू योजना निर्माण भई कर्मचारी, पदाधिकारी, समिति तथा उपसमितिहरूको क्षमता विकास भएको हुनेछ** | **गाउँपालिकाले क्षे.वि.यो. कार्यपालिका तथा गाउँ सभाबाट पारित गरेको हुनेछ** | **कार्यपालिका तथा गाउँ सभाको निर्णय, क्षमता विकास कार्यक्रमका माइन्युटहरू** | **महामारी** |
| ३.१.१ | क्रियाकलाप पाश्ववचित्र तयार गर्ने | गाउँपालिकाको पाश्ववचित्र अध्यावधिक तयार भएको हुनेछ | डिजिटल तथा ननडिजिटल पाश्ववचित्र | बजेट अभाव |
| ३.१.२ | आवधिक योजना तयार गर्ने | गाउँपालिकाले ५ वर्षे आवधिक योजना तर्जुमा गरेको हुनेछ | आवधिक योजना पुस्तिका, आवधिक योजना सम्वन्धि बैठक माइन्युट | महामारी |
| ३.१.३ | विकास आयोजना सम्वन्धि नीतिको वारेमा सरोकारवालाहरूलाई अभिमुखिकरण गर्ने | एकिकृत तथा गुणात्मक विकास आयोजना तर्जुमा भएको हुनेछ | अभिमुखिकरण प्रतिवेदन | बजेट अभाव |
| ३.१.४ | तेश्रो पक्षबाट आयोजनाको अध्ययन अनुसन्धान गर्ने | आयोजना सञ्चालन सम्वन्धमा रहेको सवल पक्ष, कमजोर पक्ष तथा सुधारका उपायहरू थाहा भएको हुनेछ | अनुसन्धान प्रतिवेदन | बजेट अभाव |
| ३.१.५ | बेरोजगारहरूको तथ्याङ्क सङ्कलन | वेरोजगारी सम्वन्धि समस्या, चुनौतिलाई हल गर्ने रणनीति तयार भएको हुनेछ | रणनीति पत्र | |
| ३.१.६ | दीगो विकास लक्ष्यको वारेमा अभिमुखिकरण गर्ने | सबै कर्मचारी तथा पदाधिकारीहरूले दीगो विकास लक्ष्यको वारेमा जानकारी पाएका हुनेछन् | अभिमुखिकरण माइन्युट | महामारी |
| ३.१.७ | दीगो विकासका लक्ष्यहरूलाई मूलप्रवाहीकरण गर्ने | गाउँपालिकाले दस्तावेजहरू प्रकाशन गरी दीगो विकासका लक्ष्यहरूलाई स्थानीयकरण गरिएको हुनेछ | प्रकाशन गरिएका पुस्तिका, निर्देशिका आदि | महामारी |
| ३.१.८ | सहभागितात्मक वार्षिक योजना तर्जुमा प्रक्रियाको | सहभागितात्मक वार्षिक योजना तालिममा पालिकाका | तालिमको बैठक पुस्तिका, | बजेट अभाव |

| | | | | |
|---|---|---|---|---|
| | वारेमा ३ दिने तालिम सञ्चालन गर्ने | कर्मचारी, पदाधिकारी तथा सरोकारवालाहरू सहभागि भएका हुनेछन् | तालिम उपस्थिति माइन्युट | |
| ३.१.९ | सार्वजनिक खरिद ऐन, नियमावली, आर्थिक प्रशासन नियमावली तथा खरिद योजना सम्वन्धि अनुशिक्षण प्रदान गर्ने | गाउँपालिकाका कर्मचारी तथा वडा सचिवहरूले तालिमबाट फाइदा पाएका हुनेछन् | तालिमको बैठक पुस्तिका, तालिम उपस्थिति माइन्युट | बजेट अभाव |
| ३.१.१० | सूचना तथा सेवा प्रवाह नीतिको वारेमा अन्तर्किया कार्यक्रम | गाउँपालिकाका नीजि क्षेत्र तथा विषयगत शाखाहरूले गाउँपालिकाको सूचना तथा सेवा प्रवाह सम्वन्धि नीतिको वारेमा जानकारी पाएका हुनेछन् | गोष्ठीको बैठक पुस्तिका, तालिम उपस्थिति माइन्युट | बजेट अभाव |
| ३.१.११ | अनुगमन सम्वन्धि अभिमुखिकरण गाउँपालिकाका कर्मचारी तथा आयोजना अनुगमन | समिति तथा उपसमितिका पदाधिकारीहरूले यो अभिमुखिकरणबाट लाभ लिन सक्नेछन् | गोष्ठीको बैठक माइन्युट | बजेट अभाव |
| ३.१.१२ | उपभोक्ता समितिको काम, कर्तव्य र अधिकार, सार्वजनिक परीक्षण सम्वन्धि अभिमुखिकरण गर्ने | गाउँपालिकामा रहेका उपभोक्ता समितिका अध्यक्ष र सचिवहरूले यो अभिमुखिकरण कार्यक्रमबाट लाभ लिन सक्नेछन् | अभिमुखिकरण कार्यक्रमको माइन्युट | बजेट अभाव |
| ३.१.१३ | संयुक्त अनुगमन परिपाटीको विकास | वार्षिक रूपमा संयुक्त अनुगमन गर्ने परिपाटी विकास गरिने छ | अनुगमन प्रतिवेदन योजना शाखा | महामारी |
| ३.१.१४ | योजनाको चौमासिक, अर्धवार्षिक तथा वार्षिक समीक्षा गर्ने | गाउँपालिकाले वार्षिकरूपमा कम्तिमा पनि २ वटा समीक्षा बैठक सञ्चालन गर्नेछ | वार्षिक समीक्षा बैठक | महामारी |

**३.४ वार्षिक वजेट तथा योजना व्यवस्थापन**

**तालिका ६: क्षमता विकासको तर्कसङ्गत ढाँचा ४ - वित्तीय एवं आर्थिक व्यवस्थापन**

| उद्देश्य | व्याख्या | सूचक | प्रमाणका आधारहरू | जोखिम |
|---|---|---|---|---|
| **लक्ष्यः गाउँपालिकामा रहेका मानवीय, आर्थिक, सामाजिक, पूंजीगत श्रोतसाधनहरूको उच्चतम प्रयोगबाट जनताको जीवनमा गुणस्तरीय परिवर्तन आउने छ ।** | | | | |
| **नतिजा ४ वित्तीय एवं आर्थिक व्यवस्थापन** | गाउँपालिकाको वित्तीय एवं आर्थिक व्यवस्थापन कार्यमा सक्षमता, सवलता हासिल भई गाउँपालिकाकोकार्यशैलीमा सुधार आएको हुनेछ | गाउँपालिकाकोहालको वार्षिक वजेट तथा योजना व्यवस्थापन सम्वन्धि प्राप्ताङ्कमा वृद्धि हनेछ | वेभसाईट तथा स्वमूल्याङ्कन प्रतिवेदन | महामारी |

| उपलव्धी ४.१ | राजस्व परिचालन योजना, व्यवसाय कर सम्वन्धि नीति, राजस्व सम्वन्धि सामाजिक अभियान सञ्चालन भई आन्तरिक आयमा वृद्धि भएको हुनेछ | गाउँपालिकाले राजस्व परिचालन योजना, वार्षिक खरिद योजना, व्यवसाय कर सम्वन्धि नीति का.पा तथा गाउँ सभाबाट पारित गरेको हुनेछ | कार्यपालिका तथा गाउँपालिकाको निर्णय | महामारी |
|---|---|---|---|---|
| ४.१.१ | क्रियाकलाप आयव्ययको वर्गिकरण तथा लेखाङ्कनका तालिमको व्यवस्था गर्ने | लेखा शाखाका कर्मचारीहरूले तालिमबाट लाभ पाएका हुनेछन् | तालिम सर्टिफिकेट, उपस्थिति भएको पत्र आदि | बजेट अभाव |
| ४.१.२ | गाउँपालिकाको आयव्ययको मासिक रुपमा सार्वजनिकिकरण गर्ने | गाउँपालिकाले आयव्वयको विवरण सार्वजनिक गर्नेछ | सूचना पाटी, सूचना | महामारी |
| ४.१.३ | सरोकारवालाहरू वीच राजस्व सम्वन्धि नीतिको वारेमा समीक्षा तथा कम्प्युटर विलिङ्ग प्रणाली नभएको वडाहरूमा क.वि.प्र. शुरु गर्ने | गाउँपालिकाको आन्तरिक राजस्वको सङ्कलनको वारेमा भएका प्रयासहरूको समीक्षा भई सबै वडाहरूमा कम्प्युटर विलिङ्ग प्रणाली स्थापना भएको हुनेछ | समीक्षा प्रतिवेदन | बजेट अभाव |
| ४.१.४ | राजस्व तथा श्रोतको उपयोग सम्वन्धि नीतिको विषयमा राजस्व परामर्श समितिलाई तालिम | राजस्व परामर्श समितिलाई राजस्व सम्वन्धि नीतिको वारेमा जानकारी भएको हुनेछ | तालिम प्रतिवेदन | बजेट अभाव |
| ४.१.५ | राजस्व परामर्श शाखा, कर्मचारी तथा पदाधिकारी तथा जनप्रतिनिधिहरूलाई अन्य गाउँपालिका तथा गाउँपालिकाले राजस्वको क्षेत्रमा गरेको उदाहरणीय कामको वारेमा अभिमुखिकरण | राजस्व शाखाका कर्मचारी तथा पदाधिकारीहरू आफ्नो काम र पेशाप्रति उत्प्रेरित भएका हुनेछन् | अभिमुखिकरण प्रतिवेदन | बजेट अभाव |
| ४.१.६ | राजस्व तिर्नका लागि ईच्छाशक्ति कम हुनाको कारणहरूको अनुसन्धान तथा सो विषयमा प्रशिक्षण | करदाताहरूसँग कार्यमूलक अनुसन्धान गरी अनुसन्धानको प्रतिवेदनका आधारमा करदाता तथा सम्वन्धित शाखाका कर्मचारी तथा पदाधिकारीहरूलाई अभिमुखिकरण | कार्यमूलक अनुसन्धानको प्रतिवेदन तथा अभिमुखिकरण प्रतिवेदन | बजेट अभाव |
| ४.१.७ | आर्थिक नीतिको वारेमा कर्मचारी तथा पदाधिकारीहरूलाई अभिमुखिकरण | गाउँपालिकाका कर्मचारी तथा पदाधिकारीहरू नेपाल सरकारको आर्थिक नीतिको वारेमा जानकार भएका हुनेछन् | अभिमुखिकरण प्रतिवेदन | बजेट अभाव |
| ४.१.८ | वजेट तर्जुमा तथा आय व्यय प्रक्षेपणको विषयमा आर्थिक प्रशासन शाखाका कर्मचारीहरूलाई | शाखाका कर्मचारीहरू वजेट तर्जुमा तथा प्रक्षेपणको विषयमा जानकार भएका हुनेछन् | अभिमुखिकरण प्रतिवेदन | बजेट अभाव |

| | | | | |
|---|---|---|---|---|
| | अभिमुखिकरण | | | |
| ४.१.९ | लेखा तथा अन्य शाखाका कर्मचारीहरूलाई सूचना प्रविधिको वारेमा तालिम | शाखाका कर्मचारीहरूले आफ्नो शाखाको सूचनालाई सुव्यवस्थित वनाउन सफल भएका हुनेछन् | अभिमुखिकरण प्रतिवेदन | बजेट अभाव |
| ४.१.१० | सार्वजनिक खरिद व्यवस्थापन सम्वन्धि तालिम | गाउँपालिकाका सबै कर्मचारी तथा पदाधिकारीहरूलाई सार्वजनिक खरिद व्यवस्थापनको विषयमा तालिम | तालिम प्रतिवेदन | बजेट अभाव |
| ४.१.११ | वार्षिक खरिद योजना तयार गर्ने | गाउँपालिकाको वार्षिक खरिद योजना वनेको हुनेछ | वार्षिक खरिद योजना पुस्तिका | महामारी |
| ४.१.१२ | राजस्व योजना तयार गर्ने | गाउँपालिकाले राजस्व योजना तयार गर्नेछ | राजस्व योजना पुस्तिका | महामारी |
| ४.१.१३ | राजस्व असुली साक्षरता कार्यक्रम गर्ने | गाउँपालिकाका पदाधिकारी तथा कर्मचारीहरूले राजस्व असुली सम्वन्धि साक्षरता कार्यक्रमबाट फाइदा पाउने छन् | अनुशिक्षण माइन्युट | बजेट अभाव |
| ४.१.१४ | राजस्व असुली सम्वन्धि अभियान कार्यक्रम गर्ने | गाउँपालिकाका सबै वडाहरूमा राजस्व असुली सम्वन्धि अभियान संचालन गरि करदाता सुसूचित हुनेछन् | अभियानको उपस्थिति पुस्तिका | बजेट अभाव |
| ४.१.१५ | सबै वडामा सम्पत्ति कर सम्वन्धि अनुशिक्षण कार्यक्रम | सम्पत्ति करको अनुशिक्षणबाट सबै वडाबासीले फाइदा पाएका हुनेछन् | अनुशिक्षण कार्यक्रमको बैठक माइन्युट | बजेट अभाव |
| ४.१.१६ | सम्पत्ति कर तथा आयकरको एकिकृत सफ्टवेयर खरिद तथा सो सम्वन्धि तालिमको व्यवस्था गर्ने | सम्पत्ति कर तथा आयकरको सफ्टवेयरको तालिमबाट गाउँपालिकाका २ जना कर्मचारीहरू लाभान्वित भएका हुनेछन् | तालिमको उपस्थिति माइन्युट | बजेट अभाव |
| ४१७.१. | व्यवसाय दर्ता/ अद्यावधिक सम्वन्धि घुम्ति शिविर सञ्चालन | व्यवसाय दर्ता/अद्यावधिक शिविरबाट नयाँ उद्योगहरू दर्ता तथा नविकरण हुनेछन् | घुम्ति शिविरको माइन्युट, रेकर्ड आदि | बजेट अभाव |
| ४१८.१. | व्यवसाय दर्ता गरेका व्यवसायीहरूको प्रोफाइल तयार गर्ने | व्यवसाय दर्ता गरेका व्यवसायीहरूको विस्तृत विवरण झल्कने प्रोफाइल बन्ने छ | प्रोफाइल | महामारी |
| ४१९.१. | विभिन्न निर्माण व्यवसायी, ठूला करदाता र गाउँपालिका वीच अन्तर्किया कार्यक्रम | वर्षमा २ पटक विभिन्न निर्माण व्यवसायी तथा ठूला करदाता र पालिका वीच अन्तर्किया भएको हुनेछ | अन्तर्किया प्रतिवेदन, माइन्युट | बजेट अभाव |
| ४२०.१. | जडिवुटी तथा कवाडी सङ्कलनको संभाव्य क्षेत्र पहिचान गर्ने | कम्तिमा पनि ५ वटा अध्यक्ष जडिवुटीहरू तथा कवाडीको संभाव्य क्षेत्र पहिचान भएको हुनेछ | अध्ययन प्रतिवेदन | बजेट अभाव |
| ४२१.१. | कच्ची तथा पक्की घरहरूको अभिलेख तयार गर्ने | सबै कच्ची तथा पक्की घरहरूको अभिलेख तयार भएको | अभिलेख प्रतिवेदन | महामारी |

| | | | | |
|---|---|---|---|---|
| | | हुनेछ | | |
| ४२२.१. | नक्सापास सम्वन्धि सञ्चालन गर्न | गाउँपालिकाका इन्जिनियर तथा प्राविधिकहरू तालिमबाट लाभान्वित हुनेछन् | तालिम प्रतिवेदन, तालिम सहभागि माइन्युट | बजेट अभाव |
| ४२३.१. | सार्वजनिक सम्पत्तिको अभिलेख राख्ने | गाउँपालिकामा भएको सबै सार्वजनिक जमिन, चौर तथा सार्वजनिक संरचनाको विवरण उपलव्ध हुनेछ | विवरण | महामारी |
| ४२४.१. | गाउँपालिकाको आन्तरिक श्रोत अभिवृद्धिमा योगदान गर्ने दीर्घकालीन आयआर्जन संभाव्य क्षेत्रहरूको पहिचान गर्ने | गाउँपालिकाको दीर्घकालीन आयआर्जन हुने क्षेत्रको संभाव्य अध्ययन गरिनेछ | सम्भाव्य अध्ययन प्रतिवेदन | बजेट अभाव |

## ३.५ सेवा प्रवाह

**तालिका ७: क्षमता विकासको तर्कसङ्गत ढाँचा ५- सेवा प्रवाह**

| उद्देश्य | व्याख्या | सूचक | प्रमाणका आधारहरू | जोखिम |
|---|---|---|---|---|
| लक्ष्य गाउँपालिकाको सार्वजनिक सेवा प्रवाहमा आएको गुणस्तरीय उपलव्धीहरूबाट गाउँपालिकाको कार्यक्रमहरूमा जनसहभागिता अभिवृद्धि भएको हुनेछ | | | | |
| नतिजा ५ सार्वजनिक सेवा प्रवाह | गाउँपालिकाकोसार्वजनिक सेवा प्रवाह सम्वन्धि क्षमता विकास भएको हुनेछ | गाउँपालिकाको हालको सार्वजनिक सेवा प्रवाह सम्वन्धि प्रासाङ्कमा वृद्धि हुनेछ | वेभसाईट, स्थानीय सुशासन वुलेटिन, स्वमूल्याङ्क प्रतिवेदन आदि | महामारी |
| उपलव्धी ५१. | प्रभावकारी घटना दर्ता अभियान, सार्वजनिक सेवा प्रवाह, समतामुखी सेवा प्रवाह रणनीति तयार भएको हुनेछ | जन्मदर्ता, सेवा प्रवाह शिविर तथा सेवाको मागमा वृद्धि भएको हुनेछ | वार्षिक प्रगति प्रतिवेदन, घटना दर्ता प्रतिवेदन | महामारी |
| ५ १.१. | क्रियाकलाप सेवा प्रवाहमा घुम्ती सेवाको प्रयोग वृद्धि गर्ने | सम्बन्धित शाखाले घुम्ती सेवा सञ्चालन गर्नेछन् | घुम्ती सेवाको प्रतिवेदन, वेभ साइटमा प्राप्त सूचना | बजेट अभाव |
| ५२.१. | जन्मदर्ता सम्वन्धि अभियान चलाउने | जन्मेको ३५ दिनभित्र जन्मदर्ता गराउने वालवालिकाको प्रतिशत सतप्रतिशत पुग्नेछ | वार्षिक प्रगति प्रतिवेदन, घटना दर्ता प्रतिवेदन | महामारी |
| ५३.१. | प्रारंभिक वाल विकास केन्द्रका सहजकर्ताहरूका लागि तालिम | वालविकास केन्द्रका सबै सहजकर्ताहरूले तालिम लिएका हुनेछन् | तालिम प्रतिवेदन | बजेट अभाव |

| | | | | |
|---|---|---|---|---|
| ५४.१. | स्थानीयस्तरमा कक्षा १, २ र ३ को पाठ्यक्रम तयार गर्ने | स्थानीय आवश्यकतामा आधारित कक्षा १, २ र ३ को पाठ्यक्रम निर्माण भएको हुनेछ | पाठ्यक्रम | बजेट अभाव |
| ५५.१. | अभिभावकहरूलाई छोरीको शिक्षा विषयक उत्प्रेरित कक्षा चलाउने | अभिभावकहरू छोरीलाई दिइने शिक्षाको महत्वको वारेमा जानकार भएका हुनेछन् | अभिमुखिकरण प्रतिवेदन | बजेट अभाव |
| ५६.१. | शिक्षाको गुणस्तर सुधारका लागि कार्यमूलक अनुसन्धान गर्ने | विद्यालय सिकाई पद्धतिको सुधारका लागि कार्यमूलक अनुसन्धान भएको हुनेछ | अनुसन्धान प्रतिवेदन | बजेट अभाव |
| ५७.१. | पुस्तकालय सहयोग कार्यक्रम | पुस्तकालय नभएका विद्यालयहरूमा पुस्तकालय स्थापना गर्ने | कार्यक्रमको प्रतिवेदन | बजेट अभाव |
| ५८.१. | वालवालिकाहरूको खुद भर्ना दरमा वृद्धि गर्ने | वालवालिकाको खुद भर्नादर हालको प्रतिशतमा उल्लेख्य वृद्धि हुनेछ | इएमआईएस प्रतिवेदन शिक्षा शाखाको प्रतिवेदन | महामारी |
| ५९.१. | सबै विद्यालयको संस्थागत स्वमूल्याङ्कनको कार्यविधि तयार गर्ने | विद्यालय स्वमूल्याङ्कन कार्यविधि तयार हुनेछ | विद्यालय स्वमूल्याङ्कन कार्यविधि, विद्यालय स्वमूल्याङ्कन प्रतिवेदन | महामारी |
| ५१०.१. | सबै विद्यालयहरूले वि.सु.का. निर्माण गर्नेछन् | विद्यालयहरूसँग वि.सु.का. निर्माण भएको हुनेछ | वि.सु.का प्रतिवेदन | महामारी |
| ५११.१. | विद्यालयका प्र.अ. तथा शिक्षा शाखा वीच भएको कार्यसम्पादन सम्झौताको उपलव्धी मापन गर्ने | सार्वजनिक विद्यालयका प्र.अ.सँग भएको कार्यसम्पादन सम्झौताको उपलव्धी मापन भएको हुनेछ | मापन उपलव्धी प्रतिवेदन | महामारी |
| ५१२.१. | वालक्लवहरूलाई अभिमुखिकरण गर्ने | विद्यालयका वालक्लवहरू आफ्नो काम, कर्तव्यको वारेमा जानकार भएका हुनेछन् | अनुशिक्षण प्रतिवेदन, अनुशिक्षण हाजिरी रेकर्ड | बजेट अभाव |
